
***Dhaulagiri Journal of Contemporary Issues*** *Vol. 4, Issue 1* 2026 pp. 123-140

Publisher: RMC Dhawalagiri Multiple Campus, Baglung ISSN: 2990-7993(P)




**Article information**

Received: 1 March 2026
Reviewed: 5 March to 28 April 2026
Revised: 7 May to 9 June 2026
Accepted: 16 June 2026
Published: 8 July 2026
DOI: https://doi.org/10.3126/djci.v4i1.96613
Available: https://dmcjournal.edu.np/index.php/DWJCI

# पर्वत जिल्लाका मगर समुदायमा प्रचलित भुमेपूजा र सांस्कृतिक पर्यटन

**हिरालाल रेग्मी**
धवलागिरी बहुमुखी क्याम्पस, बागलुङ
**Email:** hira.regmi@dmc.tu.edu.np

**लेखसार**

नेपाल बहुभाषिक, बहुजातिक तथा बहुसांस्कृतिक देशका रूपमा चिनिन्छ। अनेकौं संस्कृति र परम्पराले धनी रहेको हाम्रो मुलुकमा विभिन्न जात, जाति र समुदायले मान्दै आएका रीतिथिति चाडपर्व, मेलापर्व आदिको गौरवगाथा प्रायशः हराउँदै जान थालेको छ । यस किसिमका सांस्कृतिक चालचलन र परम्पराका बारेमा पछिल्लो पुस्ता अनभिज्ञ हुनसक्ने संभावना समेत बढ्दै गएको छ। यसै सन्दर्भमा पर्वत जिल्लामा बसोबास गर्ने मगर समुदायले बढी महत्वका साथ मनाउँदै आएको भुमेपूजाको तिथिमिति, पूजाविधि, प्रचलित मान्यताहरू, यससँग जोडिएका जनश्रुति एवं विविध पक्षहरूका साथै भुमेपूजालाई कसरी सांस्कृतिक पर्यटनको आधार बनाउन सकिन्छ भन्ने उद्देश्य तथा सीमाभित्र केन्द्रित रही सोसँग सम्बन्धित सूचना तथा तथ्यहरूलाई सङ्कलन गरी यो आलेख तयार गरिएको छ। मुख्यतः उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी पर्वत जिल्लाको उत्तरी क्षेत्रमा बसोबास गर्ने मगर समुदायलाई अध्ययनक्षेत्रका रूपमा लिइएको छ । विभिन्न प्रकाशित साहित्यको अध्ययन, सम्बन्धित समुदायका अग्रजहरूका धारणा, भुमेथानहरूको स्थलगत अवलोकन, स्वअनुभव जस्ता माध्यमबाट सूचना तथा तथ्यहरू सङ्कलन गरी वर्णनात्मक, व्याख्यात्मक र विवरणात्मक शैलीमा यो आलेख तयार गरिएको छ । आफू बसोबास गरेको स्थान वरपर थान निर्माण गरी प्रकृतिलाई पूजा गर्ने र भूमिमा विचरण गर्ने देवशक्तिको स्मरणमा मगर समुदायले भुमेपूजालाई सांस्कृतिक पर्वका रूपमा मनाउने गरेको पाइन्छ । भुमेथानहरूमा हुने भुमेपूजा र विभिन्न समुदायले मनाउँदै आएको भुमेपूजाका विधिविधान एवम स्थानीयले पुकार्ने भुमेदेवको नाम पनि अलगअलग रहेको पाइन्छ । भुमेपूजाका समयमा स्थानीयहरूले अकालमा दिवङ्गत भएकाहरूको स्मरणमा भुमेथानहरूमा पूजासमेत गर्ने प्रचलन रहेको छ। समाजबाट यस किसिमका प्रचलनहरू विस्तारै हराउँदै गइरहेको सन्दर्भमा यसको जगेर्नाका माध्यमबाट स्थानीय तहमा सांस्कृतिक पर्यटनको समेत प्रवर्द्धन गर्न सकिने भएकाले भुमेपूजालाई निरन्तरता दिनुपर्ने कुरा यहाँ सुझाइएको छ।

***शब्दकुञ्जी :*** गाउँबार्ने, भुमेथान, भुमेपूजा, सांस्कृतिक पर्यटन, हरेलोपूजा

*Copyright 2026 © The Author(s): This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/*

## विषयपरिचय

प्रकृतिलाई मानव सभ्यताको विकासक्रमको प्रमुख आयाम मानिन्छ । प्रकृतिसँग रमाउने तथा यसप्रति आदरसम्मान गर्ने प्रचलन प्राचीनकालदेखि नै चल्दै आएको मानिन्छ । प्रकृतिले सिर्जना गरेका वनजङ्गल, डाँडापाखा, हिमाल, पहाड र तालतलैयाहरूको कारण नै पृथ्वी मानव जाति र सम्पूर्ण प्राणीका लागि महत्त्वपूर्ण एवं उपयुक्त स्थल बन्न पुगेको छ । प्रकृतिप्रदत्त यिनै ढुङ्गा, माटो, ढिस्का, हिमाल, पर्वत, विविध वृक्ष, पशुपङ्क्षी, नदीनाला, ताल, पोखरी, खोला, सूर्य, चन्द्र आदिलाई मानव समुदायले आफ्नो उत्पत्तिका स्रोत मान्दै तिनीहरुको स्नेह र सममानका निम्ति यज्ञ, उपासना, स्नेह र आराधना गर्ने गरेको पाइन्छ (दीक्षित, २०५८) । प्रकृतिको यही वरदानका कारण नै मानव जातिले प्रकृतिप्रति पूजा र सम्मान गर्दै आइरहेको पाइन्छ । प्रकृतिबाट नै मानिसलाई बाँच्ने आधार प्राप्त हुन्छ । समाजमा बसोबास गर्ने विभिन्न समुदायका चालचलनअनुसार प्रकृतिलाई सम्मान गर्ने विधि तथा तरिकाहरू फरकफरक रहेको पाइन्छ ।

कुनै पनि समाजको निर्माण तथा विकासमा त्यहाँका जातजातिहरूको ठूलो योगदान रहेको हन्छ । हरेक जातिका सामाजिक रहनसहन, संस्कृति, धर्म, परम्परा, विकास तथा पेशाप्रतिको दृष्टिकोण, राजनैतिक तथा सामाजिक संस्कार आदिले आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा प्रत्यक्षतः प्रभाव पारेको हुन्छ । सामाजिक व्यवहार एवम् प्रचलित सामाजिक मूल्य, मान्यता तथा परम्पराले समग्र समाजको विकासको गति निर्धारण गर्ने गर्दछन् । विभिन्न जातजातिले अङ्गालेका धर्म, भाषा, जातीय संस्कार, बोलीचाली, चालचलन, रीतिथिति, परम्परा, भेषभुषा, लवाइखवाइ, सभ्यता, अतिथिसत्कार, घर निर्माण गर्ने शैली आदिजस्ता पक्षलाई सांस्कृतिक सम्पदा मानिन्छ । सांस्कृतिक सम्पदा सांस्कृतिक पर्यटनका बलिया आधारशिला पनि मानिन्छन् (पन्त, २०६८) । विभिन्न समुदायले विभिन्न अवसर, पर्व, तिथि तथा दिनमा मनाउने जात्रा, पर्व, उत्सव, मेला आदिलाई पनि आफ्नो संस्कृति र सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा लिइएको पाइन्छ । यी मेला, पर्व तथा उत्सवहरू जाति एवम् स्थान विशेषअनुसार अलग-अलग हुने गर्दछन् । यी कतिपय धार्मिक महत्त्वका र केही मनोरञ्जनात्मक पनि हुने गर्दछन् ।

समाजलाई विश्वसामु परिचित गराउनमा सांस्कृतिक सम्पदाले ठूलो भूमिका खेलेको हुन्छ । सांस्कृतिक पर्यटनलाई सांस्कृतिक सम्पदाले सहयोग पुऱ्याएका हुन्छन् भने सांस्कृतिक पर्यटनका कारण सांस्कृतिक सम्पदाहरू संरक्षित र जीवित रहेका हुन्छन् । सांस्कृतिक पर्यटन समाज र संस्कृतिसँग सम्बन्धित हुन्छ । विभिन्न जाति र समुदायका सांस्कृतिक चालचलन तथा मौलिक क्रियाकलापहरू, ऐतिहासिक सम्पदास्थल, पुरातात्त्विक महत्त्वका वस्तुहरू, आर्थिकप्रणाली, जीवनशैली, कला सङ्गीत, साहित्य, धरोहर, बासस्थान र त्यसको निर्माणविधि, दैनिक जीवनयापनका प्रक्रियाहरू जस्ता ग्रामीण संस्कृतिको अध्ययन अवलोकनका लागि गरिने पर्यटन व्यवसायलाई काफ्ले (सन् २०१६) ले सांस्कृतिक पर्यटनका रुपमा चर्चा गरेका छन् । सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि जातीय विविधता र चालचलन पनि अति नै महत्त्वपूर्ण पक्ष मानिन्छ ।

समाजमा बसोबास गर्ने विभिन्न जात-जातिहरूका आ-आफ्ना संस्कार तथा परम्पराहरू रहेका हुन्छन् । प्रत्येक जात-जातिका रहनसहन, चालचलन, भेषभुषा, लवाइखवाइ आदि समाज अध्ययनका लागि आकर्षकका विषयवस्तु हुन सक्छन् । नेपालमा प्रचलित यी यस्तै किसिमका सांस्कृतिक महत्त्वका विषयवस्तुहरू जान्न, बुझ्न र अध्ययन-अनुसन्धान गर्न तथा मेला, उत्सव र पर्वहरू अवलोकन गर्नका लागि लाखौं विदेशी पर्यटकहरू बर्सेनी नेपाल आउने गरेको पाइन्छ । तसर्थ समुदायको संस्कृति त्यहाँको आय-आर्जन र जीविकोपार्जनको जीवनपद्धतिसँग जोडिएको हुन्छ । विभिन्न जातिहरूले अपनाउँदै आएका मौलिक कला, संस्कृतिलाई संरक्षण र जगेर्ना गर्दै व्यापक प्रचार-प्रसार गरी स्वदेश र विदेशमा समेत उजागर गर्न सकियो भने आर्थिक जीवनयापनको पद्धतिमा समेत ठूलो टेवा पुग्न सक्ने देखिन्छ । मानव जातिका धारणा, सोच, परम्परा, विगत र वर्तमानका क्रियाकलापका साथै मानवनिर्मित वस्तुहरू समेत संस्कृतिसँग सम्बन्धित विषयवस्तुहरू मानिन्छन् । यी विषयवस्तुका साथै विगतमा मानव जातिले निर्माण गरेका मठ, मन्दिर, देवालय, मस्जिद, गुम्बा, विहार, स्तुप, चैत्य

लगायतका कलात्मक वस्तुहरू पनि सांस्कृतिक सम्पदा मानिन्छन् (खतिवडा र दाहाल, २०६७) । यस किसिमका वस्तुहरूको निर्माण मानव समुदायले आफूले अपनाउँदै आएको धर्म र संस्कृतिअनुसार नै गरेको पाइन्छ । नेपालको ग्रामीण क्षेत्र आफ्नै जीवनशैली, संस्कार र परम्परामा बाँचेको छ । जनगणना वर्ष २०६८ मा कुल जनसङ्ख्याको करिब ८३ प्रतिशत मानिसहरू नेपालको ग्रामीण क्षेत्रमा बसोबास गरेको देखिएको र पछिल्लो जनगणना वर्ष २०७८ अनुसार करिब ३४ प्रतिशत नेपालीहरू ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएको देखिन्छ (केतका, २०७९) । नेपालको सन्दर्भमा ग्रामीण क्षेत्रमा सांस्कृतिक पर्यटनको बलियो संभावना रहेको छ । ग्रामीण क्षेत्रमा विद्यमान संस्कृति, परम्परा, जैविक विविधता संरक्षण र सम्वर्द्धन गर्दै सञ्चालन गरिने पर्यटनलाई नै ग्रामीण पर्यटन भनिन्छ । सामान्यतः सांस्कृतिक मेला तथा पर्वको संरक्षण गर्दै ग्रामीण जीवनस्तरमा खुसी र समृद्धि ल्याउन, ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना र आय आर्जनका स्रोत बढाउन, स्थानीय क्षेत्रमा रहेका घरेलु तथा कुटीर उद्योगहरूको संरक्षण गर्न, लघु उद्यम तथा उद्यमशीलताको विकासमा सांस्कृतिक पर्यटनले योगदान पुऱ्याउँदछ

पर्यटन भनेको मनोरञ्जन, व्यापार वा अन्य उद्देश्यका लागि विभिन्न ठाउँहरूमा यात्रा गर्ने गतिविधि हो । यसले सामान्यतः सीमित अवधिका लागि आफ्नो स्थान वा वातावरण बाहिरका गन्तव्यस्थलहरू भ्रमण गर्ने मानिसहरू र यिनीहरूको व्यवस्थापनका लागि अवलम्बन गरिएको व्यवसायलाई बुझाउँछ । विभिन्न स्थानहरुको दृश्यावलोकन, भाषा एवम् सांस्कृतिक अन्वेषण, साहसिक खेल सञ्चालन, विश्राम, मनोरञ्जन लगायतका कार्यक्रमहरू पर्यटनसँग जोडिएका हुन्छन् र यी पक्षहरू पर्यटकका लागि चासोका विषयवस्तु पनि बनेका हुन्छन् । वालटर हुन्जीकर र कुर्ट क्रार्प (१९९२ सन्) ले कुनै पनि स्थानमा स्थायी रूपमा बसोबास नगर्ने उद्देश्यले आएका विदेशीहरूको बसोबाससँगको सम्पूर्ण सम्बन्ध र घटनाक्रमसँग सम्बन्धित कुरालाई पर्यटनका रूपमा व्याख्या गरेको पाइन्छ । सन् १९१० मा अष्ट्रियन अर्थशास्त्री हरम्यान वन स्कुलाडले कुनै पनि निश्चित राष्ट्र, शहर वा क्षेत्रभित्र र बाहिर विदेशीहरूको बसोबास, आवतजावत र प्रवेश एवं आर्थिक प्रकृतिसँग प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण कार्यक्रम पर्यटन हो भनी (पुरी, २०५६) दिएको परिभाषा पर्यटनका सम्बन्धमा पहिलो परिभाषा मानिन्छ ।

पर्यटन विभिन्न प्रकारका हुने गर्दछन् । सत्याल (सन् २०००) ले सांस्कृतिक पर्यटन, समुदायमा आधारित पर्यटन, मनोरञ्जन पर्यटन, खेलकुद पर्यटन, प्राविधिक पर्यटन, व्यावसायिक पर्यटन, सेमिनार पर्यटन, अन्वेषण पर्यटन एवम् ग्रामीण पर्यटन गरी विभिन्न प्रकारका पर्यटनका बारेमा चर्चा गरेका छन् । नेपालको सन्दर्भमा स्थानीय तहहरूमा ग्रामीण पर्यटनको एक अंशका रूपमा सांस्कृतिक पर्यटनको महत्त्व र संभावना प्रशस्त रहेको देखिन्छ । नेपालमा सन् १९९२ देखि ग्रामीण पर्यटनको अवधारणा प्रतिपादन भएको थियो भने नवौं पञ्चवर्षीय योजना (२०५४-२०५९) मा प्रत्येक अञ्चलमा नमुना पर्यटकीय गाउँ बनाउने कार्यक्रम तय भएको थियो (पन्त, २०६८) । दशौँ पञ्चवर्षीय योजना (२०५९-२०६४) ले पनि ग्रामीण पर्यटनलाई जोड दिएको पाइन्छ । नेपालमा विभिन्न ठाउँमा रहेका गाउँहरू पनि ग्रामीण पर्यटनका लागि चर्चामा रहेका पाइन्छन् । स्याङजाको सिरूबारी, कास्कीको धम्पुस र घान्द्रुक, तनहुँको बन्दीपुर, लमजुङको घलेगाउँ आदि स्थलहरू ग्रामीण पर्यटन सफलतापूर्वक सञ्चालन भएका गाउँ मानिन्छन् (रेग्मी, २०६४) । ग्रामीण पर्यटनमार्फत गरिबी निवारणमा टेवा पुगोस् भन्ने उद्देश्यले तारा गाउँ विकास समितिको समेत स्थापना गरिएको पाइन्छ । विकसित देशहरूमा पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने न्यून आम्दानी भएका वर्गहरूका लागि आय आर्जनप्रति लक्षित गरेर ग्रामीण पर्यटनका कार्यक्रमहरू सञ्चालन गरिएका छन् (रेग्मी, सन् २०२५) । मलेसिया, थाइलैन्ड, भियतनाम, लावस र अफ्रिकी देशहरूमा पनि ग्रामीण समुदायमा आधारित पर्यटन विकासका अभ्यासहरू भएको पाइन्छ । भारतको सिक्किम र कालीमपोङमा समुदायमा आधारित रहेर भोटिया, लेप्चा र नेपाली समुदायमा ग्रामीण पर्यटनका विविध कार्यक्रमहरू सञ्चालित छन् (रेग्मी, २०६४) । यसप्रकार विभिन्न देशहरूमा ग्रामीण पर्यटन प्रवर्द्धनका लागि विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन हुँदै आएका देखिन्छन् ।

मगर समुदायमा प्रचलित विभिन्न परम्परामध्येको एक भुमेपूजा हो । भूमि तथा प्रकृतिको पूजा र सामाजिक सद्भाव एवं एकता कायम राख्ने आध्यात्मिक सम्बन्धको कडिका रूपमा मगर समुदायमा भुमेपूजा प्रचलित रहेको छ । आफू बसोबास गर्दै आएको स्थानका स्थानीय देवदेवीलाई थान बनाएर पूजा गर्ने चलन मानव समुदायले परापूर्वकालदेखि नै बसालेका तथ्यहरू पाइन्छन् । भुमेपूजा यस्तै प्रकारको सांस्कृतिक पर्वहरू मध्ये एक हो । वर्षा ऋृतु लाग्नुभन्दा पहिले नै बाढी, पहिरो, हुरी, बतास, असिना आदिजस्ता दुःख दिने प्राकृतिक प्रकोपबाट बच्नलाई र राम्रो खेतीबालीको कामना गर्दै भूमिको पूजा गर्ने गरिन्छ (नेपाली, २०७९) । यस पर्वमा भूमि अर्थात् जमिनलाई देवताका रूपमा पूजाआजा गर्दै बालीनाली सप्रियोस्, खेतीपातीका लागि पानी परोस्, बाढी पहिरोले कसैको अकालमा ज्यान नजाओस् भनी प्रार्थना गर्ने गरिन्छ । भुमेपूजालाई कतै भूमिपूजा, कतै भूम्यापूजा त कतै भएँरपूजा पनि भन्ने गरिएको पाइन्छ । भुमेपूजाको आयोजना वर्षको एकपटक, प्रायः असार महिनामा गरिन्छ । यस अवसरमा गाउँका सबै सदस्य सक्रिय रूपमा सहभागी हुन्छन् । यस पूजाले गाउँमा सहकार्य, मेलमिलाप र सामुदायिक एकता सुदृढ पार्ने कार्य गर्दछ । भुमेपूजा धार्मिक कर्म मात्र नभइ मगर समुदायको सांस्कृतिक पहिचानको मुख्य प्रतीकका रूपमा स्थापित हुँदै गएको पनि छ ।

यस अध्ययनमा मुख्यतः पर्वत जिल्लाको उत्तरी क्षेत्रमा बसोबास गर्ने मगर समुदायले विशेष पर्वका रूपमा मनाउने भुमेपूजा र यसका माध्यमबाट सांस्कृतिक पर्यटन एवं समुदायमा आधारित पर्यटनको विकासमा केकस्तो योगदान पुऱ्याउन सकिन्छ भन्ने विषयलाई प्रमुखरूपमा उठान गरिएको छ । सांस्कृतिक पर्यटनका बारेमा व्यापक अध्ययन अनुसन्धान गरिएको भए तापनि यस अध्ययनले उठान गरेको विषयमा पूर्व साहित्यमा कम चर्चा गरिएको पाइएकाले यस अध्ययनले उक्त अभावलाई पुरा गर्ने अपेक्षा गरिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

पर्वत जिल्लाको उत्तरी क्षेत्रमा बसोबास गर्ने मगर समुदायमा प्रचलित भुमेपूजाको सांस्कृतिक, सामाजिक र धार्मिक महत्त्वको विश्लेषण गर्नुका साथै त्यसलाई सांस्कृतिक पर्यटनका दृष्टिले मूल्याङ्कन गर्ने उद्देश्य यो अध्ययनको रहेको छ । मगर समुदायमा भूमि, प्रकृति र सामुदायिक एकताको प्रतीकका रुपमा भुमेपूजालाई लिइएको पाइन्छ । यस अनुसन्धानले भुमेपूजाको माध्यमबाट स्थानीय समुदायमा सांस्कृतिक तथा सामुदायिक पर्यटन विकासका सम्भावनाहरू पनि औंल्याएको छ । अध्ययनका लागि आवश्यक सामग्री पुस्तकालय कार्य एवम् स्थलगत अवलोकन र स्थानीय व्यक्तिहरूसँगबाट प्राप्त तथ्यका माध्यमबाट गरिएको छ । अध्ययनको शीर्षक, सम्बद्ध सैद्धान्तिक र प्रायोगिक कार्यहरूलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ । सांस्कृतिक परम्परा र सांस्कृतिक पर्यटनका विविध पक्षका बारेमा पूर्व प्रकाशित लेख तथा रचनाबाट प्राप्त अवधारणा यो अध्ययनको सैद्धान्तिक आधार हो । भुमेपुजा र सांस्कृतिक पर्यटन सम्बन्धमा प्रकाशित पुस्तक तथा लेखरचनालाई पूर्वसाहित्य अध्ययन तथा सैद्धान्तिक आधार बनाई विभिन्न पुस्तक तथा जर्नलमा प्रकाशित लेखरचना, भुमेपूजामा संलग्न मगर समुदायका धारणा लगायतका सहायक स्रोतबाट सङ्कलन गरिएका सूचना र तथ्यको विश्लेषण गुणात्मक पद्धतिका आधारमा गरिएको छ । यिनै मान्यता र विश्लेषण सामग्रीमा आधारित भएर अध्ययनको अवधारणा निर्धारण गरिएको छ ।

## सैद्धान्तिक आधार तथा पूर्व साहित्य समीक्षा

ग्रामीण क्षेत्रमा रहेका भाषा, भेषभूषा, जीवनशैली, आतिथ्यपन, कला, संस्कृति, पेसा र व्यवसायजस्ता कुरालाई पूँजीका रूपमा स्थापित गरी विदेशी तथा स्वदेशी पर्यटकलाई गाउँमा नै रमाउने र गाउँबासीलाई कमाउने अवसर प्रदान गर्ने व्यवसायको रूपमा ग्रामीण पर्यटन फस्टाउँदै गएको छ । स्थानीय ग्रामीण जनतासँग भएको स्रोतसाधन र सीप प्रयोग गरी आफ्नो परम्परागत संस्कृति, कलाकौशल, भेषभूषा, जीवनपद्धति र प्राकृतिक सौन्दर्यलाई प्रदर्शन गरेर आफूसँग भएको ग्रामीण सम्पत्तिलाई पूँजी वा लगानी बनाएर न्यानो र चोखो आतिथ्य सत्कारले यान्त्रिक जीवनपद्धतिदेखि वाक्क भएका स्वदेशी तथा विदेशी पर्यटकहरूलाई प्रफुल्लित तुल्याई सरल तरिकाले ग्रामीण क्षेत्रको विकास गर्न सकिने सजिलो कार्ययोजना नै ग्रामीण पर्यटन हो (उपाध्याय रेग्मी, २०६४) । स्थानीय

तहहरूमा यस किसिमका विशेषताहरू रहेको हुँदा ग्रामीण पर्यटन प्रवर्द्धनका प्रशस्त संभावनाहरू देखिएका छन् ।

ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवीकोपार्जनको मुख्य स्रोत भनेको कृषि हो । ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदा ग्रामीण पर्यटनका लागि विशेष महत्त्व राख्ने प्रमुख आधारहरू हुन् (पन्त, २०६८) । ग्रामीण क्षेत्रमा पर्यापर्यटनको समेत ठूलो संभावना रहेको छ । ग्रामीण क्षेत्रमा विद्यमान हिमाल, पहाड, झरना, तालतलैया, चराचुरूङ्गी, वन्यजन्तु, मौसम, जलवायु, वर्षा, भूबनोट, मानवस्वरूपजस्ता वस्तुहरू पर्यावरणअन्तर्गत पर्दछन् । यिनै पर्यावरणीय वस्तुहरूको अध्ययन अवलोकन गर्नका लागि सञ्चालित व्यवसायलाई पर्यावरणीय पर्यटन भनिन्छ । विश्वमा पर्यावरणीय पर्यटन शब्दको प्रारम्भ सन् १९८३ मा सर्वप्रथम कोस्टारिकाबाट भएको मानिन्छ । मेक्सिकोका पर्यटनविद् हेक्टर सेनालस लास्कुरेनले सन् १९८७ मा पर्यापर्यटनका सम्बन्धमा दिएको पहिलो परिभाषालाई विश्व पर्यटन सङ्गठनले अनुमोदनसमेत गरेको थियो । यो परिभाषाअनुसार कुनै केही कारणले नकारात्मक असर नपरेको, सफा वातावरणीय प्राकृतिक क्षेत्रमा स्वतन्त्र रूपले घुमफिर गरी आफ्नो उद्देश्य पूरा गर्ने कार्यलाई पर्यापर्यटन भनिन्छ (काफ्ले, सन् २०१६) । यसप्रकार स्थानीय तहमा रहेका पर्यावरणीय वस्तुहरूको अध्ययन अवलोकन गर्न आउने पर्यटकहरूको सेवा सुविधाका लागि सञ्चालित व्यवसायलाई नै पर्यावरणीय पर्यटन भनिन्छ । नेपालका स्थानीय तहहरूमा यस किसिमका सुन्दर ठाउँहरू रहेकाले पनि पर्यावरणीय पर्यटनमार्फत ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

ग्रामीण क्षेत्रमा विद्यमान संस्कृति, परम्परा एवं जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्दै सञ्चालन गरिने पर्यटन नै ग्रामीण पर्यटन हो । ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदा ग्रामीण पर्यटनका लागि विशेष महत्त्व राख्ने प्रमुख आधारहरू हुन् (पन्त, २०६८) । ग्रामीण पर्यटनका अभ्यासहरू विश्वभरी सफल एवम् दिगो रूपमा सञ्चालित छन् । विकसित देशहरूमा पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने न्यून आम्दानी भएका वर्गहरूका लागि आयआर्जनप्रति लक्षित गरेर ग्रामीण पर्यटनका कार्यक्रमहरू सञ्चालित छन् । मलेसिया, थाइलैन्ड, भियतनाम, लावस  र अफ्रिकी देशहरूमा पनि ग्रामीण समुदायमा आधारित पर्यटन विकासका अभ्यासहरू भएका छन् । भारतको सिक्किम र कालिमपोङमा समुदायमा आधारित रहेर भोटिया, लेप्चा र नेपाली समुदायमा ग्रामीण पर्यटनका विविध कार्यक्रमहरू सञ्चालित छन् (रेग्मी, २०६४) । दसौं पञ्चवर्षीय योजना (२०५९-२०६४) ले ग्रामीण पर्यटनलाई विशेष जोड दिएको छ (पन्त, २०६८) । यी तथ्यबाट विभिन्न आवधिक योजनाहरूले पनि यस किसिमका सम्पदास्थलहरूका माध्यमबाट पर्यटन विकासमा जोड दिने नीति ल्याएको देखिन्छ ।

भुमेपूजा प्रकृतिसँग जोडिएको सांस्कृतिक पर्वका रूपमा मगर समुदायमा प्रचलित छ । स्टेवार्ड (सन् १९५५) ले प्रतिपादन गरेको सांस्कृतिक पर्यावरण सिद्धान्तले मानव र प्रकृतिबिच रहेको अन्योन्याश्रित अन्तरसम्बन्धको परिणामस्वरूप मानवको आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक र प्रकृतिबिच केकस्तो अन्तरसम्बन्ध छ भनेर गहन रूपमा अध्ययन गर्दछ । यसले संस्कृति र वातावरणबिचमा हुने सामाजिक र भौतिक दुबै किसिमका अन्तरक्रियाहरूको विश्लेषण गर्दछ । कुनै पनि समुदायको संस्कृतिले उक्त समुदायलाई त्यहाँको प्राकृतिक वातावरणसँग समायोजन गर्न सहयोग पुऱ्याएको कुरा यस सिद्धान्तले बताएको छ ।

इमाइल दुर्खिमले सदावहार अदृश्य विश्व अस्तित्व भन्ने सिद्धान्तमार्फत् मानिस र प्रकृतिका सबै चिजभन्दा अगाडि कुनै एक अदृश्य शक्ति रहेको र यस शक्तिलाई मानिसहरूले अलौकिक आस्थाका रूपमा विश्वास गरी विभिन्न सामाजिक धर्मअनुसार  मठ, मन्दिर,, मस्जिद, चर्च, पूजा, समारोह, जन्म तथा मृत्यु संस्कारहरू मान्ने गर्दछन् । यसले व्यक्ति, समूह, परिवार तथा समुदायका व्यवहारलाई नियन्त्रण गर्नुका साथै सिङ्गो समाजको स्वरूपलाई प्रभाव पार्दछ भन्ने धारणा व्यक्त गरेका छन् । यिनले पशुपङ्क्षी, रूखविरूवा, ढुङ्गा, नदीनालाजस्ता वस्तुसँग मानव समुदाय तथा समाजको आध्यात्मिक सम्बन्ध रहेको हुन्छ र मानिसहरूले प्राकृतिक वस्तुसँग सम्बन्ध गाँस्दागाँस्दै धर्मको उत्पत्ति भएको कुरा

बताएका छन् (शर्मा, २०६९) । रिभर्स, स्मिथ र पेरि (Rivers, Smith and Perry) द्वारा प्रतिपादित प्रसारवादी सिद्धान्तले सबै स्थानमा संस्कृतिको उत्पत्ति हुन नसक्ने भएकाले त्यसका लागि निश्चित स्थान आवश्यक हुने र त्यहाँ उत्पत्ति भएको संस्कृति विभिन्न माध्यमबाट अन्यत्र विस्तार हुँदै जाने कुरा बताएको छ (अधिकारी र खत्री, २०६५) । त्यसै गरी प्रसारवादी सिद्दान्तका अर्को व्याख्याता फ्रेडरिक र्‍याटजेल (Fredrich Ratzel) ले कुनै एक वातावरण वा स्थानको संस्कृति एवं सांस्कृतिक तत्वहरू अर्को ठाउँमा वा वातावरणमा प्रसार हुँदा त्यस नयाँ वातावरणमा बसेका मानिसहरूले उक्त नयाँ संस्कृतिको अनुकरण पूर्णरूपले गरेर आफ्नो संस्कृति बिर्सदै जान्छन् भन्ने होइन कि नयाँ वातावरणसम्म प्रवेश गरेको सांस्कृतिक तत्वहरूलाई पहिला हेर्दछन् र यो सांस्कृतिक तत्वहरू आफूलाई कत्तिको उपयुक्त लाग्दछ त्यत्तिको मात्र अनुकरण गर्दछन् र नयाँ वातावरणसँग अनुकूलनका लागि सांस्कृतिक तत्वहरूको स्वरूपमा परिवर्तन हुन जान्छ भन्ने धारणा राखेका छन् (अधिकारी र खत्री, २०६५) । यस क्षेत्रका मगर समुदाय पनि विभिन्न ठाउँहरूबाट बसाइँसराइ गरी आएपछि भुमेपूजालाई पनि संस्कृतिका रूपमा ग्रहण गरिरहेको पाइन्छ । पहरे पुन (२०८१) ले म्याग्दी जिल्लाको विभिन्न स्थानमा बसोबास गर्ने पुन मगर समुदायमा प्रचलित परम्परागत भुमेपूजाका बारेमा गरेको अध्ययनमा भुमेपूजालाई मगर समुदायको मौलिक एवं सांस्कृतिक सम्पदाका रूपमा चर्चा गरेका छन् ।

प्रस्तुत साहित्यमा ग्रामीण पर्यटन लगायत विभिन्न प्रकारका पर्यटनको बारेमा चर्चा गरिएको भए तापनि पर्वत जिल्लाको उत्तरी क्षेत्रमा बसोबास गर्ने मगर समुदायमा प्रचलित भुमेपूजा र यसका माध्यमबाट सांस्कृतिक पर्यटनको प्रवर्द्धन कसरी गर्न सकिन्छ भन्ने बारेमा चर्चा गरेको नपाइएकाले यस अध्ययनले उक्त अभावलाई पूरा गर्ने अपेक्षा गरिएको छ । यस अध्ययनमा पस्तुत साहित्य अध्ययनलाई आधार बनाई सांस्कृतिक पर्यटन प्रवर्द्धनमा भुमेपूजाले खेल्न सक्ने योगदानका बारमा चर्चा गरिएको छ ।

## भुमेपूजाको अवधारणा

नेपालमा बसोबास गर्ने विभिन्न समुदायले मनाउँदै आएका चालचलनहरू मध्येको एक भुमेपूजा पर्वत जिल्लामा बसोबास गर्ने धेरैजसो समुदायका मानिसले मनाउने गर्दछन् । आफूले खेतीपाती गर्दै आएको र बसोवास गरेको भूमिको वा भुइँको सम्मानस्वरूप विधिपूर्वक गरिने पूजा भूमिपूजा वा भुइँपूजा हो । भूमिका देवतालाई भुमे भनी पुकारिने हुँदा आजकल जनजिब्रोमा यसलाई भुमेपूजा पनि भनिन्छ । कतैकतै यसलाई बलपूजा भनिएको पाइन्छ । भूमिपूजाको अपभ्रंस भई भुमेपूजा हुन गएको हो भन्ने विश्वास पनि रहेको छ । जिल्लाका विभिन्न भुमेथान र कोटमन्दिरमा समेत भुमेपूजा हुने गर्दछ । जिल्लाको उत्तरी भेगमा बसोबास गर्ने मगर समुदायले विशेष रूपमा भुमेपूजा गर्दछन् । मगर समुदायले आ-आफ्नो गाउँमा रहेको भुमेथानहरूमा भुमेपूजा गर्दछन् । पर्वत जिल्लामा तत्कालीन पैयुँ राज्यअन्तर्गतका कोटघरहरूमा भने भुमेपूजा गर्ने गरिएको पाइदैन । दक्षिणी क्षेत्रमा बसोबास गर्ने मगर समुदायले चण्डीपूजा गर्ने तर भुमेपूजा गर्ने गरिएको पाइदैन । पैयुँ क्षेत्रका मगरहरूले आफ्नो घर नजिकै थान बनाएर कुखुराको भाले बलि दिएर भञेरपूजा गर्दछन् । त्यसैगरी झाँक्रीपूजा र भदौको पहिलो मङ्गलवार हरेलोपूजा गर्दछन् । त्यस्तै ब्राह्मण, क्षेत्री, कुमाल, माझी, गुरूङ लगायतका जातिमा पनि बाढी, पहिरो, बज्रपात जस्ता प्राकृतिक प्रकोपबाट घर, गाईवस्तु, जिउधन, खेतीपाती, जग्गा-जमिन आदिको सुरक्षा होओस् भनी भुमेपूजा गर्ने प्रचलन छ । कतैकतै भुमेपूजाका नाममा नाग-नागिनीको पूजा गर्ने चलन पनि रहेको छ ।

मानिसहरूले नयाँ घर तथा भवनहरू बनाउने क्रममा भवनको शुद्धता र जमिनमा भएका दुष्ट आत्मा, जलचर, स्थलचर, भुतचर र जीव जीवात्मा जे छन् यस स्थानबाट हटेर जाउन् र भवन निर्माणकार्य सहजताका साथ सम्पन्न होओस् भनेर पनि भूमिपूजा गर्ने गरेको पाइन्छ । कुनैकुनै ठाउँमा असार १ गतेबाट औपचारिक रूपमा भूमिपूजनको विधि सुरू हुने गर्दछ । वर्षमा एक पटकदेखि तीन पटकसम्म भुमेपूजा गर्ने गरेको पनि पाइन्छ । कतै पानीपूजा र बालीपूजा गरी भुमेपूजा गर्ने चलन छ । वर्षे बाली लगाउनुभन्दा पहिले बालीनाली सप्रियोस् भनेर गरिने भूमिको पूजालाई पानीपूजा र

नयाँ बाली घरभित्र भित्राउने समयमा भुमेदेवलाई नयाँ अन्न अर्पण गर्नका लागि गरिने पूजालाई बालीपूजा भनिन्छ । असारमा गरिने भुमेपूजाका समयमा तत्काल रोपिएका बालीको जरैसँग उखेलेर भुमेथानमा चढाउने गरिन्छ । आफ्ना पूर्वजले वनजङ्गल खोस्रेर खेतीपाती गर्न थालेदेखि नै यो पर्व मनाउन थालिएको हो भन्ने भनाइ रहेको छ ।

भुमेपूजामा कुनै ठाउँमा खिर, रोटीले मात्र पूजा गरिन्छ भने कनै ठाउँमा बोका, पाठा, साँड, राँगो र कुखुराको भालेको बलि दिने गरिन्छ । खिर रोटीले मात्र पूजा गरिने भुमेथानमा फुस्रे कुभिन्डोलाई पूजा गरेर भुमेथान नजिकै नकाटिकन बाटोमा राख्ने गरेको पाइन्छ । मगर समुदायमा भने आफ्ना पूर्खा र प्रकृतिलाई पूजा गर्ने परम्पराअनुसार नै भूमिपूजाको प्रचलन चलाइएको हो भन्ने भनाइ रहेको छ । भूमिदेवतालाई बलि चढाएपछि अनिष्ट नहुने र बालीनाली सप्रिन्छ भन्ने विश्वास यहाँका समुदायमा रहिआएको छ ।

भूमिपूजा मगर समुदायले मात्र नभएर सबै जाति र समुदायका मानिसहरूले मनाउने गर्दछन् । चेपाङ समुदायले नयाँ वर्ष र दिवंगत भएका पितृलाई सम्मान गर्ने पर्वका रूपमा भूमिपूजा गर्ने गरेको पाइन्छ । यो पर्वमा विशेषगरी घैया धान, गाभा, निबुवा, घिरौँलालगायत कन्दमूल र अन्य तरकारी पितृलाई चढाउने र अन्न फलाउने भूमिलाई पूजा गर्ने प्रचलन रहिआएको छ । 'नयाँ बाली पाकेपछि पितृलाई नचढाइ खाँदा पितृ रिसाउने तथा अनिष्ट हुने भन्ने जनविश्वास रहेकाले झाँक्रीहरूले रातभर फलाकेर पितृ बुझाउने गर्दछन् । चेपाङ समुदायले आफ्नो प्रमुख चाडका रूपमा हरेक वर्ष भदौ २२ गते न्वागी पर्व मनाउँछन् । भदौमा नयाँ अन्नबाली, फलफूल पाकेपछि पूजा गर्ने परम्परा रहेको छ । यो पर्वमा झाँक्री बसेर रातभर सिमेभुमे फलाकेर मात्रै खानुपर्छ भन्ने मान्यता यो जातिमा परापूर्वकालदेखि नै चलिआएको मानिन्छ । छरछिमेकी तथा नाताकुटुम्बलाई निमन्त्रणा गरेर सामूहिक भोज खाने, नाचगान गर्ने र सुख-दुःख साट्ने गरिन्छ । थुलुङ समुदायले पनि मौलिक संस्कृतिका रूपमा भूमिपूजा अर्थात् तोसी मनाउने गर्दछन् । यो समुदायले माघ, चैत्र, बैशाख, असार र असोजमा गरी वर्षको पाँच पटक भूमिपूजा गर्दछन् (थुलुङ, २०७२) । यो पूजा सोमवार अथवा बिहीवार पारेर औंसी या पूर्णिमाको छेकामा गर्नुपर्छ । थुलुङबाहेक अन्य किरातीले यसैलाई वर्षको दुईपटक उँधौली र उँभौली भनेर पूजा गर्ने गरेको समेत पाइन्छ ।

प्रायशः जेठ महिनाको शुक्लपक्षको मङ्गलवार पुरोहितको सल्लाहअनुसार औंशी र एकादशी तिथि कटाएर भुमेको पूजा गर्ने चलन रहेको छ । भुमेपूजाको प्रसाद घरमा लान नहुने र महिलाहरूले खान नहुने भन्ने मान्यता पनि कतैकतै रहेको छ । मगर जातिले आआफ्नो परम्पराअनुसार कतै बोका, साँड र कतै सुंगुरको बलि दिएर भूमिपूजा गर्ने चलन रहेको छ । यसरी बलि दिएको बोकाको पात्रोको आकार र टाउको कतापट्टि फर्केको छ भन्ने कराको ठूलो महत्त्व रहने गर्दछ । भुमेपूजाको सम्बन्ध कृषि र बादलसँग रहेको विश्वास मानिन्छ । प्राकृतिक प्रकोपबाट बच्न र राम्रो खेतीपातीको कामना गर्दै भूमिमाताको पूजा गरी करिब हप्तादिनसम्म नाचेर धूमधामसँग भुमेपूजा मनाउने गरेको पनि पाइन्छ । यस अवसरमा हरेक गाउँमा एउटा सानोतिनो मेला नै लाग्दछ । यसैकारण भुमेपर्वलाई भुमेमेला पनि भन्ने गरिन्छ ।

अर्कोतर्फ गाउँनजिकैको डाँडा, तलाउ, जङ्गल जस्ता ठाउँमा थानहरू बनाई भुमेपूजा गर्ने गरिएका प्रचलन पनि रहेका छन् । भुमेपूजा हुने थानमा कतैकतै मन्दिर बनाउने गरेको पाइए तापनि भुमेको थान खुला राख्नुपर्दछ भन्ने जनविश्वास रहेको छ । आफ्नो गाउँ-ठाउँमा रहेका पुराना तथा अग्ला रूखहरूको फेदमा भुमेको थान (चाक्लो चेप्टो दुई ओटा ठडाइएको ढुङ्गामाथि एउटा छपनीले छाइएको ठाउँलाई थान भन्ने गरिन्छ) बनाइएको हुन्छ । थानमा भुमेदेवका नामअनुसारका आकृतिहरूको फोटो वा मूर्तिहरू बनाई पूजा गरिन्छ । विभिन्न समुदायले पूजा गर्ने थानहरू प्रायः छानो नछाइक नै राखिन्छ । कोटघर तथा विभिन्न स्थानहरूमा हुने भुमेपूजा र विभिन्न जातिहरूले मनाउँदै आएको भूमिपूजाको विधि एवम् स्थानीयले पुकार्ने भुमेदेवको नाम पनि अलगअलग हुने गरेको पाइन्छ ।

पर्वत जिल्लामा रहेका कतिपय भुमेथानहरूको इतिहास केलाउँदा भुमेपूजाका अवसरमा स्थानीयहरूले परापूर्वकालमा अकालमा दिवङ्गत भएका मानिसहरूको स्मरणमा भुमेथान नजिक

दोखपूजा पनि गर्ने गरेको पाइन्छ । भुमेथानमा भुमेपूजा हुँदा सबैभन्दा पहिले छुट्टै धूप, धजा, अक्षता र फूलले दोखको पूजा गरेपछि मात्र भुमेको पूजा गरिन्छ । गाउँघरमा ठूलो अनिकाल पर्ने लक्षण देखा परेमा स्थानीयवासीले मान्दै आएका भुमेदेव श्वेतवस्त्र धारण गरी टाउकोमा सेतो फेटा गुथी सेतो वर्णको घोडामा चढेर रातको समयमा गाउँमा डुलेका दृश्य देखिन्छन् । यसरी भुमेदेवलाई गाउँमा देखेपछि गाउँलेले भुमेको पूजा गरेमा सहकाल आउँदछ भन्ने विश्वास रहेको पाइन्छ । यस आलेखमा मगर समुदायले मनाउने गरेको भुमेपूजा र जिल्लाका विभिन्न कोटघर तथा भुमेथानमा हुने भुमेपूजा विविध पक्षका बारेमा चर्चा गरिएको छ ।

***भुमेपूजाको अंशका रूपमा हरेलोपूजा :*** नेपाली समुदायमा प्रचलित हरेलोपूजालाई पनि भूमिपूजाकै एक अंश मानिएको छ । नेपालमा मनाइने धेरैजसो पर्वहरू कृषिकर्म र भूमिपूजासँग जोडिएको पाइन्छ । कृषकहरूले आफ्नो खेतबारीमा गएर कृषिका अधिष्ठाता वा भूमिका देवता (क्षेत्रपाल) लाई हरेलो पर्वका अवसरमा पूजा गर्ने गरेको पाइन्छ । कृषिबालीको संरक्षण र अन्न धेरै फलोस् भनेर भूमिमा हरेलोपूजा गरिन्छ । हरेलोपूजा गरेपछि खेती सप्रने, बालीमा चरा, मुसा, कीरा नलाग्ने र अरू हानि नहुने विश्वास गरिन्छ । हरेलोपूजा गर्नुलाई खेतको पूजा गर्नु, जमिनको पूजा गर्नु वा प्रकृतिको पूजा गर्नु भन्ने बुझिन्छ । हरेलोपूजा गरेपछि पुनः हलसारो नगरेसम्म खेत जोतेको र रोपाइँ गरेको देख्न हुँदैन भन्ने मान्यता छ । हरेलो विशेषतः मुख्य कृषिबाली धान लगाइसकेपछि कतैकतै साउन महिनाको अन्तिम मङ्गलवार र कतै भदौ महिनाको पहिलो मङ्गलवार मनाउने गरिन्छ । कतै रोपाइँ सकिएको दिनमा पनि मनाउने प्रचलन छ । हरेलोका दिनदेखि हलसारो नगरेसम्म हलोले जमिन जोत्न नहुने मान्यता रहेको छ । धेरै ठाउँमा श्रीपञ्चमीका दिन हलसारो गर्ने चलन पाइए तापनि हिउँदे बाली लगाउने समयमा हलोको पूजा गरेर जमिन जोत्ने चलन पनि पाइन्छ ।

हरेलो गर्दा पाँच, सात वा नौ प्रकारका शुद्ध बालीका बीउ, भोजपत्र, ढिकी घरको मुलखम्बा, दैलेठेलो खुर्किएको धुलो, मुसाको विष्टा, जाँतोको धुलो र धानको भुस आदि मिसाइन्छ । यसरी मिसाएको मिश्रणलाई मकैको भुत्ला वा भोर्लाको पातमा राखी गायत्री वा वेदका मन्त्र वाचन गरी बाबियोको डोरीले झुन्ड्याउन मिल्ने गरी पोका बनाइन्छ । हरेलोपूजा गर्नका लागि खेतको माझमा पहिल्यैदेखि निश्चित ठाउँ समेत तोकिएको हुन्छ । निश्चित ठाउँ नभएमा पनि खेतको माझ पारेर ठाउँ बनाइन्छ । यसरी तोकिएको ठाउँमा पूजाका लागि बनाइएका पोकालाई खेतमा रहेको खलेगराको डिलमा (खेतमा जान नसके आँगनको डिलमा) खिर्रो, बाँस, पैयुँ, भक्किम्लो, कुरिलो, मयल तथा पातीको लिङ्गो गाडेर झुन्ड्याइन्छ । सकेसम्म दुधिलो प्रजातिको खिर्राको लिङ्गो गाडेर त्यसमा राता र सेता धजा बाँधिन्छ । त्यहीँ आगो बालेर शुद्ध घ्युको धूप देवतालाई दिइन्छ । लिङ्गो गाडेको ठाउँमा कुण्ड बनाएर गाईको दुधको धार दिइन्छ । सिमे, भुमे, झाँक्री आदि लोकप्रचलनमा रहेका देवतालाई धजा बाँधिन्छ । आफ्नो भाग नपाएका र धेरै हानि गर्ने शक्तिलाई भाग दिएर मन्साइन्छ । धूप राखेको आगोमा रायो तथा सर्सिउँको बीउ राखेर पड्काउँदै चरा, मुसा, रोग, किरा र बाढी पहिरोबाट बाली र जमिन जोगाइदिन आफूले मान्दै आएका देवतासँग प्रार्थना गरिन्छ । यसलाई धूपधुवाँर गर्ने भनिन्छ ।

धूपधुवाँर गर्दा धानबालीमा किरा लाग्दैन भन्ने विश्वास रहेको छ । सायद यो पनि धानखेतीमा लाग्ने हानिकारक किरा न्युनिकरणको उपाय हुन सक्छ । रायो तथा सर्सिउँ जलेको रागयुक्त धुवाँले हानिकारक किरा हटाउन जैविक विषादिको काम गर्न सक्दछ । हरेलो गर्दा पोका बनाई झुन्ड्याएको बीउ उम्रिएर बिरूवा भएमा बाली राम्रो भई सहकाल लाग्ने र नउम्रेमा बाली राम्रो नहुने भन्ने विश्वास रहेको पाइन्छ (पाण्डे, २०७१) । यो पोकामा राखिएका बिउहरू टुसायो भने धानखेतीका लागि वर्षा र तापक्रम पुगेको एवं नटुसाएमा तापक्रम नपुगेको भन्ने जाँचका लागि यो गरिएको हुनसक्ने देखिन्छ । यस अवसरमा आकाश, वायु, अग्नि, जल तथा पृथ्वी आदि पञ्चमहाभूत, आफ्नो नजिकका देवी देवता र नागको समेत पूजा गरिन्छ । पिठोबाट चरा, मुसा, भ्यागुता, बिच्छी, सर्प, चमेरो, गँगटो, खजुरो आदिको आकार बनाएर पकाउने र त्यसैको प्रसाद बनाउने र पूजा सकिएपछि वितरण गर्ने गरिन्छ ।

हरेलोपूजा धेरै ठाउँमा खेत जोत्ने बालीघरे हलिले नै गर्दछन् भने कतै घर मालिकले पनि गर्ने गरेको पाइन्छ । हरेलोको दिनमा खेत मालिकले पूजा गरे पनि हलीको परिवारलाई बोलाएर मिठो खाना खान र एकजोर नयाँ लुगा दिइन्छ । बालीघरे हली राख्ने चलन हराएपछि हरेलोपूजा पनि कम हुँदै गएको पाइन्छ । हरेलोपूजा गर्ने परम्परा भएका मानिसहरूले आफ्नो खेत नभए पनि बारीको पूजा गर्दछन् । आआफ्नो ठाउँको चलन र त्यहाँ पाइने स्रोतअनुसार हरेलोपूजामा केही फरक चलन पनि रहेको पाइन्छ । हरेलोपूजा घरमा गरिदैन । बिहानै पूजा गर्न नमिलेमा दिउँसोसम्म कुरेर भए पनि खेतमा नै गर्नुपर्दछ । तर पानी परेर बाहिर निस्कन नमिलेमा गोठमा बसेर धानखेतपट्टि फर्केर धूप र धार दिने गरिन्छ । हरेलोपूजामा कतै पनि हाँस, कुखुरा, परेवा र अरू कुनै पनि प्राणीको बलि दिने गरेको पाइदैन ।

## मगर समुदायमा प्रचलित भुमेपूजा

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये मगर जाति पनि एक हो । नेपालमा मगरहरू धेरै पहिलेदेखि नै बसोवास गर्दै आएको पाइन्छ (खत्री, २०५८) । मगर जातिहरूको मूलथलो पश्चिम नेपाल मानिन्छ । वर्तमान समयमा देशका विभिन्न भागमा मगरहरूको बसोवास रहेको भए तापनि कालीगण्डकीभन्दा पश्चिम, कर्णालीभन्दा पूर्व, चुरे वा सिवालिक पर्वत श्रृङ्खलाभन्दा उत्तर र अति हिमपात हुने हिमाली भागभन्दा दक्षिणको विशाल भूभाग (जसलाई मगरात क्षेत्र पनि भनिन्छ) मगरहरूको मूल थलो हो (शर्मा, २०६७) । यी जातिहरूको उत्पत्तिको थलो तिब्बत मानिन्छ । उत्तर तिब्बतबाट हुण जातिहरू दक्षिणतर्फ आउने क्रममा यिनीहरू यस ठाउँमा पसेका हुन् भनिन्छ । मगर जातिले आदिकालमा प्राकृतिक धर्म, पितृपूजा र अन्य अदृश्य शक्तिको पूजा, उपासनामा आधारित धर्म र पछि गएर हिन्दु धर्म अपनाउँदै आएको पाइन्छ । मगर जाति पनि विशिष्ट सांस्कृतिक पहिचान बोकेको जातिमा पर्दछ ।

मगर जातिहरूले मनाउने विभिन्न चाडपर्व तथा पूजाहरूमध्येको एक भूमिपूजा हो । आफूले खेतीपाती गर्दै आएको र बसोवास गरेको भूमिको वा भुइँको सम्मानस्वरूप विधिपूर्वक मगर समुदायले भुमेपूजा वा भुइँपूजा गर्ने गर्दछन् । मगर समुदायको सघन बस्ती भएका ठाउँमा सबैभन्दा ठूलो र महत्त्वपूर्ण पर्वका रूपमा भुमेपूजा स्थापित छ । जमिनलाई पूजा गर्ने चाडका रुपमा भुमेपूजालाई लिइएको पाइन्छ । मानव जातिदेखि लिएर सबै सजीव प्राणीको आश्रयदाता वा अन्नदाताका रूपमा रहेको भूमि वा प्रकृतिलाई आदरस्वरूप यो समुदायले भुमेपूजा गर्दछन् । नयाँ खेतीबाली लगाउने समय आएपछि समयमा नै पानी परोस् र बालीनाली सप्रियोस्, सुखशान्ति होस् भन्ने कामना गर्दै भुमेपूजा गरिन्छ । यसपछि गाउँ नजिकैको खुला चउरमा सामूहिक रूपमा नाचगान गर्ने गरिन्छ (घर्ती मगर, २०७५) । आफूले वर्षभरी जानीनजानी गरेका पापहरूप्रति क्षेमायाचना गर्ने र आगामी वर्ष खेतीबाली राम्रो होस्, बालीनालीमा किरा नलागोस्, असिनापानीले बाली नबिगारोस्, कसैलाई पनि रोगव्याधि नलागोस्, सहकाल (थोरै अन्नले पनि धेरै समयलाई पुग्ने) होस् भन्ने कामना गर्दै भुमेपूजा गरिन्छ । मगर समुदायमा प्रकृतिलाई सम्मानस्वरूप पूजा गर्ने यो चलन संस्कृतिका रूपमा स्थापित भएको पाइन्छ ।

परम्परागत रूपमा मगर जाति प्रकृतिमै अर्थात् वनजंगल, जल, जमिनमा आश्रित जाति मानिन्छ । भौगोलिक रूपमा विकट दुर्गम क्षेत्र, खोलानाला वरिपरि बसोबास गर्ने, खेतीकिसानी र बस्तुभाउले जीवननिर्वाह गर्ने जाति भएकाले जल, जमिन र जङ्गललाई देवताका रूपमा पूजाआजा गर्ने परम्परा यो जातिमा रहेको छ । भूमिदेवता रिसाए बालीनाली नोक्सान हुन्छ, बाढीपहिरो आउँछ वा खेतीपातीका लागि पानी नै पर्दैन कि भन्ने मूल्य मान्यताका साथ देउता रिझाउन पूजाआजा गर्ने चलन परापूर्वकालदेखि नै चल्दै आइरहेको किंवदन्ती छ (ढकाल, २०८०) । विभिन्न समुदायमा आ-आफ्नो गाउँठाउँमा परापूर्वकालदेखि पुर्खाहरूले बसालेका थिति र चालचलनअनुसार भुमेपूजाको विधि प्रक्रिया अलग-अलग हुने गरेको पाइन्छ ।

मगर समुदायले बुकीको फूल, डोरीमा उनेको माछा, भेडाको साँड तथा छ्याङ आदिजस्ता वस्तुहरूद्वारा भुमेपूजा गर्दछन् । भुमेपूजाका दिन पूजा गर्ने मूलकर्ताले बिहानै नजिकको खोला तथा

जलाशयमा गई नुहाइ-धुवाइ गरी चोखिनिष्ठापूर्वक शुद्ध पानी र जिउँदो माछा पानीमा राखेर लिएर आउँछन् । यसरी ल्याइएको माछालाई पूजाका समयमा डोरीमा उनेर भुमेथानमा चढाइन्छ । भुमेपूजामा आ-आफ्नो चलनअनुसार आ-आफ्नो गाउँबाट रातो र सेतो रङका ध्वजाहरू निगालो तथा बाँस आदिमा बाँधेर भुमेथानमा लगेर चढाउने गरिन्छ ।

भुमेपूजाको साइत जुरेको दिनलाई जोख भनिन्छ । आजकल उँभौली पूजाका समयमा पनि भुमेपूजा गर्ने गरिएको पाइन्छ । पश्चिम नेपालका रूकुम, रोल्पा, म्याग्दी तथा पर्वत जिल्ला लगायतका विभिन्न ठाउँमा बसोबास गर्ने मगर समुदायले भुमेपूजालाई विशेष पर्वका रूपमा मनाउने गरेको पाइन्छ । मगर समुदायका मानिसले आफ्नो ठाउँका वराहथान, सिद्धथान, भुमेथान, भैरमथान, माईथान एवम् मण्डलीथानहरूमा विभिन्न पर्वमा पूजा गर्दछन् । सामान्यतः जेठ लाग्ने मसाान्तदेखि असारको सङ्क्रान्तिसम्म कुनै पनि मङ्गलवारका दिन सबै गाउँलेहरू मिलेर भुमेपूजा गर्ने चलन रहेको छ । कतै जेठमा मात्र भुमेपूजा हुन्छ । असार १ गतेलाई भूमिपूजाको अति उत्तम साइत मानिन्छ । जेठको मशान्तका दिन दुध मात्र खाएर असार १ गतेका दिन एक वर्णको साँडको बलि दिएर भुमेपूजा गर्ने प्रचलन अठार मगरात क्षेत्रमा रहेको पाइन्छ (घर्ती मगर, २०७५) । कुन दिन भुमेपूजा गर्ने भन्ने कुरा प्रत्येक गाउँको चलन र निर्णयअनुसार हुने गर्दछ । भुमेपर्व प्रायः जेठ महिनामा फुकाउने गरिन्छ । यो पर्व फुकाउने चलन मगर समुदायको गाउँअनुसार फरकफरक हुने गरेको पाइन्छ । यस अवसरमा दमाहा, झ्यालीजस्ता बाजा र भुमेनाच समेत फुकाउने गरिन्छ ।

***मगर वस्ती भएका विभिन्न गाउँमा हुने भुमेपूजाको विधि***

झन्डै ५०० वर्ष अगाडिदेखि मगर समुदायको बसोवास सुरू भएको पर्वत जिल्लाको उत्तरी क्षेत्रमा बसोबास गर्ने धेरैजसो मगर समुदायले भुमेपूजालाई सबैभन्दा ठूलो पूजाका रूपमा मनाउने गर्दछन् । जिल्लाको उत्तरी क्षेत्रको जलजला गाउँपालिका-६ का मगर समुदायमा विगत १६ वर्ष अगाडिसम्म भुमेपूजा गरिँदै आएकोमा हाल आएर भुमेपूजा गर्न छाडिएको पाइन्छ (खरबहादुर पुर्जा, व्यक्तिगत संवाद, २०८१) । विगतमा मोदी गाउँपालिका-४ लेसपारमा ठूलो भुमेपूजा गरेको खबर पाएपछि अन्य गाउँमा तिथिमिति मिलाएर भुमेपूजा गर्ने प्रचलन थियो । भुमेपूजाका लागि सामान्यतः प्रत्येक वर्ष बैशाख महिनाको पूर्णिमा पक्षको पहिलो मङ्गलवार भुमेपूजा गर्ने तिथि तय गरिन्छ । भुमेपूजाको मिति तय भएपछि गाउँका बुढापाका तथा समाजसेवीको बैठक बसी भुमेपूजाका लागि आवश्यक पर्ने बोका, पाठा, राँगो, जाँड, छ्याङ आदि बनाउने जिम्मेवारी बाँडफाँड गरिन्छ । पूजा गर्ने दिन नजिकै आउन थालेपछि कुमार केटाहरू मध्येबाट पुजारी (पाँडा) छनोट गरिन्छ । गाउँवासी सबैलाई पायक पर्ने घरको आँगनमा गाईको गोबरले लिपपोत गरी त्यही ठाउँबाट पाँडालाई सबै घरधुरीबाट धजा, अक्षता, धूप आदि ल्याउनका लागि सूचना गर्न लगाइन्छ । त्यसपछि त्यसै ठाउँमा सबैजना जम्मा भई पूजाका लागि आवश्यक पर्ने राँगो, बोका, पाठा, कुखुराको भाले, गाई तथा भैंसीको दुध, धजा, धूप, अक्षता आदि जम्मा गरेर ठूलो भुमे र अन्य दरदेवताको मन्दिरमा पूजा गर्ने सबैलाई समेट्ने गरी हरेक वर्ष नदोहिरिने गरी जिम्मेवारी बाँड्ने गरिन्छ (नरसिङ पुन, व्यक्तिगत संवाद, २०८१) ।

ठूलो भुमेपूजामा गणेशलाई एकजोर धजा, अक्षतासहित पूजा गरेपछि कोरीपूजा गरिन्छ । भूमिका धनीलाई तीनवर्णे धजा, तीनवर्णे अक्षता र तीन रङ (पहेंलो, सेतो र कालो) को रेखी राख्ने गरिन्छ । पहेल्नीलाई पहेंलो रेखी, धजा र पहेंलो अक्षता चढाइन्छ । मूलथानभन्दा बाहिर रातो, सेतो, एकजोर धजा, नौ आँखाको सेतो, पहेंलो रेखीमा नैवेद्य र रोटी चढाइन्छ । ठूलो भुमेथानभित्र पनि रातो, सेतो एकजोर धजा र बीस आँखाको सेतो, पहेंलो रेखीमा तीनदिन पहिले राखेको भातको छ्याङको डल्लो बनाएर राखिन्छ र बाँकी दश ओटा आँखामा रोटी र नैवेद्य चढाइन्छ । ठूलो भुमेथानमा सफा डालोमा नौ माना बीउ (मकै र जौ) चरेसको थालमा तीनमाना चामल राखिन्छ । तीन ओटा तीते निगालाका सामा (जरा सफा गरेको) राखिन्छ । तामाको सफा कपनिमा तोरीको तेल राखेर दियो बालिन्छ । यो डालोलाई सेतो कपडाले छोपेर राखिन्छ । ठूलो भुमेथानमा पुजादिका लागि सबै व्यवस्था गरेपछि आफ्नो गाउँ वरपर रहेका अन्य देवता (अर्सल, विर्सल) लाई पनि सम्झेर जति हुन्छन् त्यति नै बराबर ढुङ्गा ठड्याएर कुन्डल बनाइन्छ । ती कुन्डलमाथि एकएक जोर धजा राखी दुधको धार राखेर

कोरीपूजा गरिन्छ । मूलथान र ठूलो भुमेथानमा गाईको गोबरले पोतेको ठाउँमा पात राखी त्यसमाथि आगोको कोइला राखिन्छ । गाईको घीउ र तितेपातीको सुकेको पात मिसाएर बनाइएको धूप राखी पूजा अवधिभर धुँवार गरिन्छ ।

मूलथानमा पाँडालाई तितेपातीको पात र अक्षतासहित साझा भालेको शिरदेखि पुच्छरसम्म पानी राख्न लगाइ गाउँवासी सबै स्वस्थ र सुखी होउन् भनी पुकार गरिन्छ । त्यसपछि भालेलाई पर्सिएर कन्या केटाले भोग दिन्छन् । भोग दिएपछि टाउको मूलथानमा चढाइन्छ । बाँकी शरीरलाई आगोमा पोलेर फल्साएपछि मुटु, कलेजो निकालेर त्यही थानमा चढाइन्छ । गाउँको मेडो, राँगो र बोकालाई पनि तितेपाती, अक्षता र पानीले मन्साएर बलि दिइन्छ । बलिपछि टाउको थानमा चढाइन्छ । बाँकी भाग आगोमा पोलेर राखिन्छ । यसपछि मूलथान र भुमेथानमा व्यक्तिगत रूपमा भाकल गरेका बोका र भालेको बलि दिने गरिन्छ । यसरी दिइएका बोका र भालेको टाउको पनि थानमा चढाउने गरिन्छ । यसपछि ठूलाभुमे वा श्रीभुमेमा खिर, रोटी आदिले भुमेपूजा गरिन्छ । भुमेको थानमा भने बलि दिइँदैन ।

मूलथानमा पूजा गरेको भालेको कलेजालाई टुक्राटुक्रा पारेर जेठा भुमेथानमा चढाएको छ्याङ र खिर, रोटीका सानासाना टुक्रा मिसाएर दुई ओटा पातमा राखी 'आसे, पासे, निरासे सबैलाई भाग पुगोस् भनेर थानभन्दा बाहिर लगेर चढाइन्छ । यसपछि त्यहाँ जम्मा भएका सबैलाई प्रसादका रूपमा वितरण गरिन्छ । महिला दिदीबहिनीहरूले निगालाको चोयामा तारेर कोदाको जाँड तयार पार्दछन् । प्रसादका रूपमा बनाइएको राँगा र बोकाको भित्रि अंशको भुटुवा पुजारीद्वारा सबैलाई वितरण गरिन्छ । महिलाहरूले यहीबेला सबैलाई जाँड वितरण गर्दछन् । प्रसाद ग्रहण गरेपछि नाचगान गरी रमाइलो गर्ने गरिन्छ ।

प्रसाद ग्रहणपछि उक्त थानमा पूजा गरिएका राँगा, बोका तथा छिमेकी थानमा पूजा गरिएका बोकाहरू जम्मा गरी हरेक घरधुरीलाई पुग्ने गरी भाग लगाइन्छ । उपस्थित सबै जनालाई बोलाएर उक्त भाग वितरण गरिन्छ । भुमेपूजा गर्दा लागेको खर्च हिसाबकिताब गरी प्रत्येक घरधुरीले दामासाहिले बेहोर्दछन् । एक हप्ताभित्र कुमार केटाहरू घरघरमा गएर उक्त रकम उठाउने गर्दछन् । जेठा भुमेथानमा खटिएका पुजारीहरू साँझ नपरूञ्जेलसम्म तितेपातीबाट बनाइएको धूप हालेर भुमेथान धुँवाएर बसिरहनुपर्ने हुन्छ । भुमेपूजाको समय सकिएपछि पूजामा खटिएका पाका व्यक्तिद्वारा भोलिपल्ट साँझसम्म गाउँबार्ने निर्णय गरिन्छ । यो निर्णय घोक हालेर सबैलाई सुनाइन्छ । यदि भोलिपल्ट साँझसम्म असिना पऱ्यो भने पर्सिपल्ट पनि गाउँबार्ने गरी नापो खापिन्छ । यसरी गाउँमा सामूहिक रूपमा भुमेपूजा गरेमा अन्नबाली राम्रो हुने, सम्पूर्ण गाउँबासीलाई रोगव्याधि एवम् दैवी प्रकोप नलाग्ने, देश विदेशमा रहेका दाजुभाइ, दिदिबहिनीहरूको कल्याण हुने र मनोकाङ्क्षा पूरा हुनुका साथै गाउँवासीमा आपसी सद्भाव र मेलमिलाप गाढा हुन्छ भन्ने विश्वास गरिन्छ ।

मोदी गाउँपालिका वडा नं. ३ पूर्णगाउँस्थित भुमेथानमा पूजा गर्ने मगर समुदायले चैत, जेठ र साउन महिनामा गरी वर्षको तीन पटक भुमेपूजा गर्दछन् । मगर समुदायमा पूजादिका लागि जाँड तथा छ्याङलाई पवित्र मानिन्छ । चैत्रमा गरिने भुमेपूजाका लागि जाँड बनाउन प्रत्येक घर परिवारले जनही एक माना कोदो भुटेर जम्मा गर्दछन् । गर्भवती भएका घर र मरभाग परेको घरबाट भने नभुटेको कोदो उठाइन्छ । यो छ्याङ र जाँड गर्भवती नभएको, जुठो सुतक नपरेको घरमा मात्र राखिन्छ । महिलाहरूमा रजश्वला बन्द भई बच्चाबच्ची जन्माउन छाडेकाहरूले भने राख्न मिल्ने प्रचलन रहेको छ । यसरी उठाइएको कोदोलाई भुमेपूजा हुनुभन्दा अगाडिको मङ्गलवार कन्याहरूबाट जाँड बनाउनका लागि राखिन्छ । भुमेपूजामा भुमे लगायतका देवतालाई चढाउनका लागि भने भुमेपूजा हुने दिनभन्दा अघिल्लो आइतवार एक माना कोदोको जाँड र तीन माना चामलको छ्याङ पुजारीद्वारा बनाउने गरिन्छ । जाँड तथा छ्याङ राख्ने दिन, भुमेपूजा हुने दिन र त्यसको भोलिपल्ट गाउँबार्ने प्रचलन छ । गाउँबार्ने दिन र भुमेपूजाका दिन असिना पऱ्यो भने पुनः गाउँबार्ने गरिन्छ । जाँड राखेको दिनदेखि भुमेपूजा नहुँदैसम्म गाउँमा असिना पऱ्यो भने पनि गाउँ बारिन्छ । गाउँ बारेकै दिन असिना पऱ्यो भने

नापो खाप्ने गरिन्छ । पुजारीका रूपमा तीन जना कन्या, कुमार एक जना र समुदायको जेस्ठ सदस्य एक जना गरी पाँचजना हुन्छन् ।

पहिलापहिला भुमेपूजामा राँगाको बलि दिने गरिन्थ्यो भने पछिल्ला दिनमा भेडाको साँड, बोका, पाठा, कुखुरा आदिले पूजा गरिन्छ । भुमेपूजाको भोलिपल्ट बलि दिएको बोका पाठाको टाउको पकाउने र बाँकी रहेको जाँडसहित खाने गरिन्छ । भुमेपूजामा प्रसाद बनाउने र बाँड्ने काम रजश्वला नभएका कन्याहरूबाट गरिन्छ । यो पूजामा परिवारका सबै सदस्य जम्मा हुने गर्दछन् । विवाह गरेर गएका चेलीबेटीहरू पनि कोशेलीसहित भुमेपूजामा आएका हुन्छन् । पुजा गरिसकेपछि प्रसादका रूपमा प्रत्येक घरबाट उठाएको चामलबाट पकाएको भात १/१ माना बराबरको डल्ला पारेर बाँड्ने गरिन्थ्यो तर पछिल्ला वर्षमा भने प्लेटमा राखेर बाँडिन्छ । भुमेपूजा गरेको एकहप्ता पछि आउने मङ्गलवारका दिन पनि भुमेथानमा गाई वा भैंसीको दुधको अर्घ दिएर धूप-धजासहित भुमेको पूजा गरिन्छ । जेष्ठी पूर्णिमाका दिन भुमेको मात्र पूजा हुन्छ । यो बेला हुने पूजामा पनि बोका पाठाको बलि दिइन्छ ( होमबहादुर पुन, व्यक्तिगत संवाद, २०८०) । अन्य पूजाविधि चैत्रमा गरिने पूजाविधिअनुसार नै हुने गर्दछ । साउन महिनामा भने साउन १५ कटेपछि उजेली र अँधेरी पक्ष नहेरीकन आउने पहिलो मङ्गलवारका दिन भुमेको पूजा हुन्छ । यसबेला भने छ्याङले मात्र पूजा गर्ने गरिएको पाइन्छ ।

नेपाली (२०७९) ले उल्लेख गरेअनुसार अठार मगरात क्षेत्रमा भूमिपूजाका दिन ब्रत बसेर पूजा गर्ने, चामलको सेतो टिकासँगै बुकी फूल लगाउने तथा शुभकामना आदानप्रदान गर्ने, आगामी वर्षका लागि साँडो भाकल गर्ने र भुमेनाच नाच्ने चलन छ । भुमेनाच जेठदेखि नाच्ने गरिए पनि असार १ देखि ३ गतेसम्म पूजाआजासहित गाउँले एकै ठाउँ जम्मा भएर नाच्ने गरिन्छ । मङ्गलवारका दिन बलि दिएर भुमेपर्व समापन गरिन्छ । हरेक वर्षको जेठ महिनाको अन्तिम दिन गाउँले जम्मा भई लेकमा पुगेर वनदेवतालाई पूजा गरी फूल टिपी ल्याएपछि भुमेपर्व शुरू हुन्छ । यस दिन युवायुवती नाच्दै गाउँदै लेकतिर गएर रातभरि बस्दछन् । बिहान तीनबजेपछि पुजारीले त्यहाँका थानीमानी तथा वनदेवतालाई पूजा गरी बुकी लगायतका फूलहरू टिपेर आ-आफ्नो गाउँतिर फर्कन्छन् । बुकी फूल टिपेर ल्याउनेको स्वागतार्थ थर्की (भूमिनाच नाच्ने ठाउँ) मा जम्मा भएका मानिसहरूले खाजा ख्वाउँछन् । फूल टिपेर ल्याउनेहरूले उपस्थित सबै जनालाई बुकीफूल लगाइदिन्छन् । लेकबाट फूल टिपेर ल्याई खेत तथा खरियानका भुमेको पूजा सुरू गरिन्छ । लेक अर्थात् बादलहरू रहने उच्च भूमिबाट ल्याइएका फूलहरू खेतका फाँटमा राखेर पूजन गरेपछि वर्षाको कमी हुँदैन भन्ने मान्यता छ ।

विगतका वर्षहरूमा भुमेपूजाका समयमा मगर बस्ती भएका गाउँहरूमा मेला लाग्ने गर्दथ्यो जसलाई भुमेमेला भन्ने गरिन्थ्यो । मगर समुदायमा भुमेपूजा हुने दिनभन्दा एक महिना पहिला एक दिन वनबार्ने चलन रहेको पाइन्छ । वन नबारेमा भुमेपूजाका दिन भुमेदेवको आगमन हुँदैन भन्ने विश्वास गरिन्छ । यो वनबार्ने दिन गाउँका कोही पनि जङ्गलमा गएर घाँस, दाउरा, काठ नल्याउने, गाईवस्तुलाई वनमा नछाड्ने तथा खेतबारीको खनजोत नगर्ने आदिजस्ता प्रचलन रहेको पाइन्छ । गाउँमा रहेका कटुवालले वनबार्ने दिन बिहानै गाउँको अग्लो डाँडामा गएर सबैले सुन्ने गरी घोक हालेर (जे सूचना गाउँलेहरूलाई सुनाउन पर्ने हो त्यसलाई अग्लो डाँडामा गएर चर्कोचर्को स्वरमा विस्तारै अड्कीअड्की भन्ने कामलाई घोकराख्ने भनिन्छ) सबैलाई सूचना दिने गर्दछन् । समय-समयमा घोक हालेर गाउँवासीलाई सूचना दिएवापत गाउँलेहरूले नयाँ बाली घरमा भित्राएपछि कटुवाल भागका रूपमा अन्नबाली दिने चलन रहेको पाइन्छ । अहिले पनि गाउँ घरमा घोक राखेर गाउँलेहरूलाई सूचना दिने चलन चलिरहेको पाइन्छ ।

भुमेदेवको पूजा गर्ने थानमा प्रायः ठूलो रूख हुर्काइएको हुन्छ । यो रूखको हाङ्गाविङ्गा कसैले पनि काट्नु हुँदैन भन्ने विश्वास रहेको छ । भुमेपूजाका दिन आ-आफ्नो चलनअनुसार घरबाट पूजासामग्री लगायत प्रसादहरू भुमेथानमा लैजाने गरिन्छ । भुमेलाई भोग दिएको साँड, बोका, पाठा, हाँस, कुखुराको मासु पकाएर प्रसादका रूपमा आ-आफ्ना पाहुनाहरूलाई बोलाएर प्रसादका रूपमा खुवाउने गर्दछन् । कुनैकुनै भुमेथानमा भाकल गरी भोग दिएका बोका पाठाको मासु घरमा नलैजाने र

भुमेथान नजिकको चौर वा सत्तलहरूमा पकाएर खाने गरिन्छ । मगर समुदायमा कतैकतै भने भुमेको थान भएको चौघेराभित्र छोरीमान्छे जान नहुने तर त्यसको बाहिरपट्टि गएर प्रसाद तयार गर्ने तथा ग्रहण गर्ने चलन रहेको छ । भुमेको पूजा गर्नुभन्दा पहिले मण्डली, सिद्ध, वराह, वायाँकर तथा देउतीमाइको पूजा गरिन्छ । मण्डलीलाई पाठी, भुमेलाई भेडाको साँड, सिद्धलाई बोका, बायाँकरलाई कुखुराको भाले एवं देउतीमाईलाई पोथीको भोग दिने गरिन्छ ।

जिल्लाको उत्तरी क्षेत्र शालिजा गाउँका मगर समुदायमा वनमण्डलीको पूजा गरेपछि मात्र भुमेपूजा गर्ने गरिन्छ । शालिजा निवासी खरबहादुर पुर्जाले बताएअनुसार वनमण्डलीमा सेतो पाँच ओटा र पहेँलो चार ओटा गरी नौ ओटा रेखी हालिन्छ । वनमण्डलीलाई कालो पोथी, कुखुराको प्वाँख, एउटा नङग्रा र चुच्चो काटेर चढाइन्छ । कुनैकुनै मगर वस्तीमा भने भुमेपूजासँगसँगै मणिपूजा, रूँगेपूजा, रोधेनीपूजा तथा क्षेमापूजा समेत गर्ने गरिन्छ । जुन गाउँमा पशुचौपायामा विभिन्न रोगव्याधि लागेको छ त्यही दिशापट्टि गाउँको सीमामा गएर गाउँमा रोगव्याधि नछिरोस्, कुनै पनि रोग नलागोस् र लागेको भए तापनि सबै हटेर जाओस् भनेर धुमधामका साथ क्षेमापूजा गर्ने गरिन्छ । क्षेमापूजामा राँगाको बलि दिइन्छ । रातोसेतो धजा र रोटी, नैवेद्य चढाइन्छ । गाउँका महिला पुरूष मिलेर बाजागाजा बजाउँदै, सोरठी र सालैजो भाकाको गीत गाउँदै (हाइहाल्दै), हल्लाखल्ला गर्दै चर्को आवाज निकालेर पूजा गर्ने ठाउँमा जम्मा हुन्छन् । पूजा नसकिउञ्जेल सोरठी गीत गाउने गरिन्छ । क्षेमापूजाको प्रसाद घरमा ल्याउन नहुने मान्यता रहेको छ । पूजा गर्न जाँदा हल्ला गर्दै गए पनि पूजा सकेर घरमा फर्कँदा भने कोही पनि बोल्न र हल्ला गर्न नहुने चलन छ । भुमेपूजाका समयमा कहीँकहीँ भुमेदेवसँग खेल्ने रोधेनीको पूजा पनि गरिन्छ । भुमेथानभन्दा केही टाढा अलग्गै स्थानमा बढीमा ३ जना पुजारी गएर रोधेनीपूजा गर्दछन् । रोधेनीपूजामा बास्न लागेको भालेको मात्र बलि दिइन्छ । यसरी बलि दिएको भालेलाई पूजा गर्न गएका पूजारीले पोलेर वा पकाएर पूजास्थलमा नै खाइसकेर भुमेपूजा हुने स्थलमा आउँदछन् । त्यहाँ आइसकेपछि भुमेपूजाका पुजारीले सुनपानी र गाईको गहुँत छर्किएर चोख्याएपछि मात्र उनीहरूलाई भुमेपूजामा सहभागी गराइन्छ । रोधेनीपूजामा गाउँको एउटा साझा निगालो, पैयुँ वा प्यापेको लिङ्गोमा रातो, सेतो धजा बाँधेर कागजमा विभिन्न आकृतिहरू बनाई थानमा गाड्ने गरिन्छ ।

भुमेपूजा गर्ने थानमा कतै सेतो र पहेँलो पिठोको १६/१६ ओटा आँखा बनाएर रेखी हालिन्छ । कतै नौ वटा र बीस वटा आँखाको रेखी हालिन्छ । भुमेपूजा गर्नुभन्दा पूर्व गाउँका सम्पूर्ण देवीदेवतालाई सम्झेर रातो, सेतो, पहेँलो तथा छिटको धजा बाँधिन्छ । भुमेदेवताका अंगरक्षकलाई तीनवर्णे धजा चढाइन्छ । भुमेपूजाका समयमा कोरीपूजा गर्दा एकआँखे रेखी बनाइन्छ । कोरीपूजा गरेको ठाउँमा भुमेदेवलाई बलि दिएको राँगा, बोका तथा भालेको रगतको छिटा एवम् मासुका टुक्राहरू पार्नुहुँदैन भन्ने मान्यता रहेको छ । भुमेपूजा गर्ने स्थानमा भुमेदेवका अतिरिक्त विभिन्न देवीदेवताका नाममा ढुङ्गाका थान बनाइन्छ । त्यहाँ गाईको गोबरको कुण्ड बनाई सकेसम्म गाईको दुध र नभएमा भैँसीको दुधको अर्घ दिइ रोटी, नैवेद्यसहित चामलको सेतो अक्षताले पूजा गरिन्छ । यहाँ बनाइएका कुण्डहरूमा दुधको अर्घ चढाएपछि साँडको बलि दिइन्छ । यसरी बलि दिएको साँडको पात्रो निकालेर हेरेपछि त्यसको आकारका आधारमा सहकाल आउने वा अनिष्ट हुने कुराको निर्क्योल गरिन्छ । यदि त्यो पात्रो खतरहितको पुस्ट रहेको छ भने सहकाल आउने र खत र खाल्टाहरू परेको रहेछ भने गाउँमा रोगव्याधि आउने र अनिष्ट हुन्छ भन्ने मान्यता रहेको छ । भुमेपूजा गर्न यसरी भोग दिने साँड तथा बोका पाठीको व्यवस्था गाउँलेबाट गरिएको हुन्छ । गाउँमा भेडाबाखा पाल्ने परिवारलाई बनमा चरिचरनको सुविधा दिएवापत उनीहरूले भुमेपूजाका लागि बोका तथा पाठा र साँडको प्रबन्ध गर्दछन् । जेठ महिनामा पुजिने जेठाभुमेमा सकेसम्म चार पाँच वर्षको साँड र बोकाको बलि दिने गरिन्छ । जति धेरै ठूला साँड र बोकाले पूजा गरियो त्यति धेरै सहकाल हुने विश्वास यो समुदायमा रहेको छ (मगर समुदायका अग्रजहरूसँग गरिएको कुराकानी) । कुनै ठाउँमा भुमेपूजा हुनुभन्दा एक महिना अगाडि बैशाख महिनाको पहिलो मङ्गलवार खोला पुज्ने चलन छ । खोला पुज्ने समयमा भोग दिएको बोकाको मासु घरमा ल्याउन नहुने र छोरी मान्छेले खान हुँदैन भन्ने विश्वास रहेको छ । छोरीहरूले त्यो प्रसाद खाएमा अनिष्ट हुन्छ भन्ने भनाइ यहाँ रहेको छ । खोलापूजा भएपछि गाउँलेहरूको

भेलाद्वारा कुन दिन भुमेपूजा गर्ने भन्ने टुङ्गो लगाइन्छ । तर सबै ठाउँमा भने खोला पुज्ने चलन रहेको पाइँदैन । कुनै ठाउँमा भने भुमेपूजाकै दिन भुमेथान नजिकैको खोल्साखाल्सीमा भाले तथा पोथी छुट्टिइनसकेको कुखुराको चल्ला लगेर खोलापूजा गरेर चल्लालाई जिउँदै छाडिन्छ । कसैले यो चल्लालाई देखेर घरमा लगेर पाल्न सक्छ । तर यसरी पालेको पोथी कुखुराको अण्डा र चल्लाचल्ली तथा भाले भएमा उक्त भाले लगाएर निस्केका चल्लाचल्ली कुनै पनि देवदेवीका थानमा चढाउन नहुने मान्यता रहेको छ ।

## नयाँ वर्षका रूपमा भुमेपूजा

भुमेपूजाका दिन भूमिको पूजाआजा मात्रै नगरी मगर समुदायले यस पर्वलाई नयाँ वर्षका रूपमा पनि मनाउने गरेको पाइन्छ । भुमेपूजा गरी वस्तुभाउको चरिचरन क्षेत्र खुल्ला र बन्द गर्ने, गाउँको मुखिया तथा पुजारी चुन्ने, कटुवाल चुन्ने, आफ्नो गाउँको नयाँ विकास योजना गाउँलेहरूको सहभागितामा निर्माण गर्नेजस्ता काम भुमेपर्वका दिन गर्ने चलन छ ।

भुमेपूजाका समयमा मगर समुदायका मानिसहरू मगर भेषभुषामा लामबद्ध भई दमाहा, झ्याली, सनहीको तालमा नाच्ने गर्दछन् । विभिन्न भाकामा गीत गाउँदै नाचेको दृश्य लोभलाग्दो देखिन्छ । यसरी नाच्ने क्रममा बाजाको ताल एउटै भए तापनि महिला र पुरूष फरकमफरक लयमा नाच्ने गर्दछन् । बाजाको स्वरमा फन्को मार्दै एउटै तालमा छमछम नाचेको दृश्य निकै रहरलाग्दो हुने कुरा बुढापाकाहरू बताउँछन् । भुमेनाचले नै भुमेपर्वलाई रमाइलो बनाउने गर्दछ । भुमेपूजाका दिन भुमेथानमा जम्मा भएका महिला पुरूषहरूले दोहोरी गीत गाउने र भुमेनाच नाच्ने चलन रहेकोमा यो विस्तारै हराउँदै जान थालेको पाइन्छ । मगर समुदायको मौलिक पर्व र संस्कृतिका रूपमा रहेको ‘भुमेपर्व र भुमेनाच” पुस्तान्तरणको अभावमा हराउने होकी भन्ने चिन्ता रहेको कुरा यहाँका अग्रज बताउँछन् ।

भुमेनाचका समयमा “भैछ साइँलो” भन्ने भाकामा गीत गाउने गरिन्छ । यो गीत वर्षमा एक दिन भुमेपूजाका दिन मात्र गाउने गरिन्छ । यो भाकाको टुक्का यसप्रकार हुने गर्दछ :- “गाई भैंसीलाई किन न दाम्लो, बाखरीलाई खोर साइँलो” । यो गीत भुमेपूजाका दिन परापूर्वकालदेखि नै गाउँदै आएको कुरा मगर समुदायका बुढापाकाहरू बताउँछन् । पहिला-पहिला गाउँमा आफूले पालेका गाईवस्तुलाई गोठमा नबाँधेर खुला चौरमा छाड्ने र भेडा, बाखालाई खुला राख्दा बाघ, स्याल तथा ब्वाँसोले सजिलैसँग खान सक्ने डर हुने भएकोले खोरमा थुनेर राख्ने चलन थियो । पुरूषलाई जति भने पनि स्वतन्त्रता हुने, उनीहरू सामाजिक बन्धनमा बाँधिनु नपर्ने तर भेडा, बाखालाई खोरमा थुनेर राखेजस्तै महिलाहरूलाई घरमा थुनेर राख्ने वा स्वतन्त्रता नहुने भन्ने कुरालाई प्रतीकात्मक रूपमा लिएर विद्रोहभावमा महिलाहरूले यो भाकाको गीत गाउने गर्दछन् भन्ने भनाइ रहेको छ ।

## भुमेपूजाका सम्बन्धमा प्रचलित किंवदन्ती

भुमेपूजाका सम्बन्धमा एउटा किंवदन्ती जोडिएको कुरा स्थानीय मगर समुदायका अग्रजहरू बताउँछन् । यिनीहरूका अनुसार कुनै एक गाउँमा गाउँ नजिकैको खोलामा पानी भर्न जाने क्रममा हरेक दिन बेलुकीपख महिलाहरू हराउन थालेपछि गाउँलेहरू छक्क पर्दै यी महिलाहरू कहाँ हराउँदा रहेछन् वा कुन जनावरले खाँदो रहेछ भनी चियोचर्चो गर्न थालेछन् । यही क्रममा एक दिन बेलुकीपख गाउँकी एक जना महिला खोलाबाट पानी ल्याई घर फर्कने बेलामा खोला नजिकैको ठूलो ढुङ्गाको कापबाट एउटा डरलाग्दो सर्पजस्तो जनावर निस्केर ती महिलालाई खाएछ । यो देखेपछि चियो गरेर बसेका व्यक्तिहरूले गाउँमा आई सबैलाई सुनाएछन् । यसपछि यो डरलाग्दो जन्तुलाई कसरी तह लगाउने र गाउँलेहरूको सुरक्षा गर्ने भन्ने बारेमा व्यापक छलफल भएछ । छलफलले गाउँको बलियो र साहसी व्यक्तिलाई उक्त सर्प समाउन लगाउने निधो गरेछन् । गाउँलेहरूले श्रीपाली विश्वकर्मालाई एउटा ठूलो सन्यासो बनाउन लगाएछन् । यिनै श्रीपालीले एक दिन बेलुकीपख सर्प बसेको ठाउँमा गई ढुङ्गाको पछाडिपट्टि लुकेर बस्ने अनि सर्पले महिलालाई खान थालेको देखेपछि पछाडिबाट त्यस सर्पको घाँटी समाउने समेत सल्लाह गरी एक दिन ढुङ्गाको पछाडि गएर लुकेर बसेछन् । गाउँलेहरू त्यहाँ लुकेर बसेका समयमा सँधैझैँ पानी लिन गएकी एक जना महिलालाई सर्पले समाएछ । यो देखेपछि

श्रीपालीले सन्यासोले सर्पको घाँटीमा समाएछन् र त्यसलाई सबै जनाले बलियोसँग पक्रेर गाउँमा ल्याएछन् । गाउँमा ल्याएपछि गाउँलेहरूले "तँ को होस् र किन हाम्रो गाउँका महिलालाई खाने गरेको होस्" भनी सोधेछन् । यो सुनेर त्यो सर्पजस्तो देखिने जन्तुले "म यो गाउँको धर्ती वा भूमिको देवता हुँ" भनेछ । सर्पले यति भनेपछि त्यसलाई मार्न पनि भएन र त्यसै छाड्न पनि भएन भन्दै गाउँलेहरूले पालो लगाएर त्यसलाई समाउने तर त्यत्तिकै नछाड्ने निर्णय गरेछन् ।

गाउँलेहरूले लामो समयसम्म समाएर न मार्ने, न छाडिदिने भएपछि भूमिदेउता हुँ भन्ने सर्पले उनीहरूका शर्त सबै मान्ने वाचा गर्दै आफूलाई मुक्त गर्नका लागि गाउँलेहरूलाई अनुरोध गरेछ । गाउँलेहरूले हाम्रा गाउँका महिलाहरूलाई नखाने र गाउँलेहरूलाई दुःख नदिने भएमा मात्र छाड्ने कुरा बताएछन् । यो सुनेर भूमिदेउताले "उसो भए मेरो पनि एउटा शर्त छ, तिमीहरूले मलाइ प्रत्येक वर्ष असार सङ्क्रान्तिका दिनमा बुकीको फूल र भेडाको साँडले पूजा गरिदिनु, मैले पनि गाउँका महिलाहरूलाई मार्ने र गाउँलेहरूलाई कुनै पनि दुःख दिने छैन" भनी भनेछन् । यसपछि भूमिदेउताले भनेअनुसार गर्ने भनी दुबै पक्षले वाचा कबोल गरी सर्पलाई मुक्त गरिदिएछन् । यसपछि जेठ लाग्ने मसान्तदेखि असारको सङ्क्रान्तिका दिनसम्म कुनै एक मङ्गलवारका दिन एउटा भेडाको साँड बलि दिएर भूमिदेउताको पूजा गर्ने परम्परा बसेको हो भन्ने भनाइ रहेको छ । यसप्रकार भूमिदेउतामाथि विजय प्राप्त गरी उनले दिने गरेको दुःखबाट गाउँलेहरूले मुक्ति पाएको खुशीयालीमा र भुमेदेउताको सम्मान तथा आदरस्वरूप गाउँलेहरूले भूमिको पूजा गरी नाचगान गरेर रमाइलो गर्ने गर्दछन् भन्ने भनाइ यहाँ रहेको पाइन्छ (मगर समुदायका अग्रजसँगको संवाद, २०८१) । यसरी भुमेपूजा एउटा प्रमुख संस्कृतिका रूपमा यो समुदायमा स्थापित भएको पाइन्छ ।

## सांस्कृतिक पर्यटन प्रवर्द्धन र भुमेपूजा

नेपाली समाजमा प्रचलित विभिन्न समुदायका सांस्कृतिक परम्परा र पर्वहरू वर्तमान समयमा आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि समेत आकर्षक विषयवस्तुका रूपमा स्थापित हुँदै गएका छन् । समाजमा प्रचलित यस किसिमका सांस्कृतिक परम्पराहरूको अध्ययन अनुसन्धान गरी यसका माध्यमबाट सांस्कृतिक एवं समुदायमा आधारित पर्यटनलाई प्रवर्द्धन गर्दै आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने बलियो संभावना देखिन्छ । समुदायमा आधारित पर्यटन भनेको त्यस किसिमको पर्यटन हो जुन स्थानीय समुदायद्वारा स्वामित्व ग्रहण गरी व्यवस्थापन तथा सञ्चालन गरिएको हुन्छ । यसबाट प्राप्त हुने सामाजिक, सांस्कृतिक तथा आर्थिक लाभहरू बाहिरी निकायहरूभन्दा सोझै समुदायका मानिसले प्राप्त गर्दछन् । स्थानीय समुदायका मानिसले पर्यटकलाई घरावासमा रात बिताउने, सांस्कृतिक अनुभवहरू साटासाट गर्ने, समुदायको जीवनस्तर सुधार गर्ने र स्थानीय संस्कृति र वातावरण संरक्षण गर्ने लक्ष्यका साथ आफ्नो समुदायको भ्रमणका लागि आमन्त्रण गर्दछन् । भुमेपूजालाई पनि स्थानीय सांस्कृतिक सम्पत्तिका रूपमा स्थापित गर्न सकियो भने यसले समुदायमा आधारित पर्यटन तथा सांस्कृतिक पर्यटन विकासमा योगदान पुऱ्याउन सक्ने देखिन्छ । सामुदायिक पर्यटनले स्थानीयको आम्दानीस्तर वृद्धि गर्ने, सामुदायिक समन्वय र एकता कायम गर्ने, परम्परागत ज्ञानको प्रचार गर्ने, प्राकृतिक स्रोतको संरक्षण गर्ने एवं पर्यटकलाई सांस्कृतिक पक्षका बारेमा जानकारी गराउनेजस्ता कार्य गर्दछ ।

नेपाली समाजमा प्रचलित यस किसिमका चालचलनलाई संरक्षण गर्दै भावी पुस्तामा हस्तान्तरण गर्न सकेमा यसबाट आन्तरिक तथा बाह्य पर्यटनलाई समेत विस्तार गर्न सकिने हुन्छ । स्थानीय तहहरू र सम्बन्धित समुदायका तर्फबाट यस किसिमका पर्वहरूको व्यापक मात्रामा प्रचारप्रसार गर्न सकेमा यसप्रति मानिसहरूको आकर्षण बढ्दै जान्छ । भुमेपूजा लगायतका पर्वहरूका अवसरमा विगतमा लाग्ने गरेका मेलाहरूलाई पुनः सञ्चालन गर्दै जाने र विभिन्न समुदायमा प्रचलित भुमेपूजा लगायतका सांस्कृतिक पर्वहरूको संरक्षण र प्रवर्द्धन गर्न सकिएमा यसले सांस्कृतिक पर्यटनमा समेत टेवा पुऱ्याउन सकिने देखिन्छ । भुमेपूजाका माध्यमबाट स्थानीय समुदायमा होमस्टे कार्यक्रमलाई व्यवस्थित गर्न सकिने, मगर समुदायको जीवनयापन, खाना तथा अतिथि सत्कारको अनुभव आदानप्रदान गर्न सकिने, पर्यटनबाट प्राप्त हुने आम्दानी सिधै समुदायमा पुग्ने, भुमेपूजाका अवसरममा स्थानीय

मगर युवाहरूले मगर नाच तथा परम्पराहरूको प्रदर्शन गर्ने साथै यस अवसरमा मगर समुदायमा निर्माण भएका हस्तकलाका सामग्रीहरू एवं खाद्यान्नको बिक्री वितरण गर्न सकिने भएकोले यसलाई स्थानीयको जीवनस्तरमा सुधार ल्याउने पर्वका रूपमा प्रवर्द्धन गरिनु जरूरी देखिन्छ ।

भुमेपूजाजस्ता मौलिक परम्पराहरू नेपालमा सांस्कृतिक पर्यटनको प्रमुख स्रोत बन्न सक्ने देखिन्छ । पर्वत जिल्लाको उत्तरी भाग भौगोलिक सुन्दरता, पहाडी बस्ती र मगर संस्कृतिले भरिपूर्ण छ । भुमेपूजालाई व्यापक रूपमा प्रचार-प्रसार गर्न सकियो भने यसले आन्तरिक तथा बाह्य पर्यटक दुवैलाई आकर्षित गर्न सकिने हुन्छ । भुमेपूजालाई सांस्कृतिक तथा समुदायमा आधारित पर्यटनको आधारका रूपमा स्थापित गर्न सकिने संभावना भए तापनि यसका केही चुनौतीहरू पनि रहेका छन् । भुमेपूजा विविध सन्दर्भहरूका बारेमा प्रचारप्रसारको कमी रहनु, भुमेपूजा हुने स्थानमा सडक यातायात, सञ्चार तथा सरसफाइको उचित व्यवस्थापन नहुनु, स्थानीयहरूमा सांस्कृतिक पर्यटनका बारेमा सिमित ज्ञान हुनु एवं परसंस्कृतिकरणको प्रभाव बढ्दै जानेजस्ता चुनौती पनि थपिदै गएका छन् ।

स्थानीय तह र मगर समदायबिच समन्वय कायम, भुमेपूजाको वार्षिक उत्सवलाई सांस्कृतिक मेलाका रूपमा विस्तार, भुमेथानसम्म पुग्ने बाटाघाटो, सूचनाबोर्ड र पर्यटकका लागि विभिन्न सुविधाको विकास, स्थानीय संस्कृतिलाई स्थानीय पाठ्यक्रममा समावेश गरी विद्यालय तहमा अध्यापन गराउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार जस्ता कार्यक्रमहरूबाट भुमेपूजाजस्ता पर्वहरूको संरक्षण हुन गई सांस्कृतिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्न जाने देखिन्छ । भुमेपूजाको प्रवर्द्धनका लागि स्थानयि सरकारका तर्फबाट यसलाई सांस्कृतिक पर्वका रूपमा स्थापित गर्न पहल गरिनुपर्दछ । भुमेपूजाका अवसरमा गाउँमा आउने पाहुना तथा अतिथिहरूलाई न्यानो आतिथ्यता प्रदान गर्नका लागि स्थानीय आमासमूह एवं युवाहरूलाई परिचालन गर्ने र होमस्टे सञ्चालक एवं स्थानीय पथप्रदर्शकलाई पर्यटनसँग सम्बन्धित विषयमा तालिम दिने जस्ता कार्य अगाडि बढाइनु पर्दछ । मगर समुदाय एवं जिल्लाका कोटघरहरूमा हुने भुमेपूजालाई समग्र पर्वत जिल्लाकै पर्यटनसँग सम्बन्धित गराई यसको प्रचारप्रसार गर्ने एवं भुमेपूजालाई सांस्कृतिक पर्वका रूपमा विकास गर्नका लागि नेपाल पर्यटन बोर्डसँग समेत सहकार्य गर्न सकियो भने स्थानीय संस्कृतिको संरक्षणका साथसाथै पर्यटन विकासमा समेत ठूलो योगदान पुग्दछ ।

## निष्कर्ष

यस अनुसन्धानबाट भुमेपूजा मगर समुदायको जीवनशैली, आध्यात्मिक आस्था, सामुदायिक एकता र समन्वयात्मकताको प्रमुख अङ्ग भएको प्रमाणित हुन्छ । भुमेपूजा स्थानीय जनजीवनसँग गाँसिएको मौलिक परम्परा हो । भुमेपूजाले सांस्कृतिक पर्यटनका माध्यमबाट स्थानीय विकासमा योगदान दिन सक्छ । पर्वत जिल्लामा बसोबास गर्ने मगर समुदायले मनाउँदै आएको भुमेपूजा महत्त्वपूर्ण सांस्कृतिक पर्वका रूपमा स्थापित भएको छ । पछिल्लो पुस्ता भने यस किसिमका सांस्कृतिक पर्वका बारेमा बेखबरजस्तै हुन थालेकोले भुमेपूजाजस्ता पर्वहरू लोप भएर जाने सम्भावना समेत बढ्दै गएको छ । भुमेपूजाका चालचलन आ-आफ्ना गाउँठाउँ र जातिगत आधारमा फरकफरक हुने गरेको पाइन्छ । कुनैकुनै समुदायमा भुमेथान र भुमेपूजाका अवसरमा महिलाहरू नजाने र प्रसाद पनि नखाने चलन छ भने कतै फेरी महिलाहरू पनि भुमेपूजामा सहभागी हुने गरेको पाइन्छ । भुमेपूजाका दिन गाउँवार्ने वा वनवार्ने प्रचलन रहेको छ । यस दिन भूमिको खनजोत लगायतका कार्यहरू गरिदैन ।

सामान्यतः भूमिका देवतालाई भुमे ठाकुर, क्षेत्रपति तथा क्षेत्रपालका नामबाट नै सम्बोधन गर्ने गरेको पाइन्छ । स्थानीयवासीहरूले आ-आफ्नो गाउँका भुमेलाई अलगअलग नामले पुकार्ने गरेको पनि पाइन्छ । भुमेलाई कुमार भुमेठाकुर, जलशिम्भु भुमे, जेठाभुमे, कान्छाभुमे, ब्राह्मण भुमेठाकुर, मनशिम्भु भुमे, हुँप्रोखोलाका भूमे, श्रीभुमे, ठूलाभुमे तथा लाटाभुमे आदिका नामबाट सम्बोधन गर्ने गरिएको पाइन्छ । पर्वत जिल्लाका विभिन्न स्थानमा रहेका भुमेथानमा हुने भुमेपूजाका सन्दर्भहरू केही फरक रहेको पाइन्छ । आ-आफ्नो गाउँठाउँअनुसार भुमेपूजा गर्ने तिथि मिति तथा विधि फरकफरक हुने गरेका तथ्यहरू रहेका छन् । कहीँ बोका तथा पाठाको बलि चढाउने त कहीँ खिर तथा रोटीले मात्र पूजा गर्ने गरेको पाइन्छ ।

भुमेपूजाका समयमा हुने नियमित पूजाको व्यवस्थापन तथा खर्चको प्रबन्ध सम्बन्धित क्षेत्रका स्थानीयवासीहरूद्वारा नै गर्ने गरिएको पाइन्छ। विगतमा कोटघरहरूमा हुने भुमेपूजाको खर्च व्यवस्थापन जिम्मावाल तथा मुखियाहरूले लिने गरेको पाइन्छ। यो प्रथा हटेपछि भुमेपूजा व्यवस्थापन समितिसहित गाउँवासीले बसालेको थितिअनुसार टोल तथा कार्य विभाजन गरी पूजासामग्री तथा खर्च व्यवस्थापन हुँदै आएको देखिन्छ। वेलाबखत स्थानीय तहका सरकारहरूले पनि भुमेपूजाका लागि बजेट व्यवस्थापन गर्ने गरेको पाइन्छ । जेहोस् भुमेदेवप्रतिको विश्वासका कारण सरकारी निकायबाट आर्थिक सहयोग नजुटेमा पनि स्थानीयवासी स्वयम्ले यथाशक्य रकम सङ्कलन गरी पूजाखर्च व्यवस्थापन गर्ने गरिएको पाइन्छ। भुमेथानमा लाग्ने मेला तथा पर्वमा खर्चको प्रबन्ध व्यवस्थापन समितिले गर्ने गरेको पाइन्छ। भुमेपूजाका अवसरमा भुमेथानमा लाग्ने मेला, पर्वमा लिइने शुल्कबाट पनि खर्चको व्यवस्थापन गरिएको पाइन्छ। कतिपय ठाउँमा समितिले पञ्चबलि लिएर आउने र अन्य पूजा गर्न आउनेहरूसँग लिइएको शुल्कबाट पनि खर्च व्यवस्थापन गर्ने गरिएको पाइन्छ ।

मगर समुदायले भुमेपूजाका अवसरमा आयोजना गर्ने मेलाले आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न सकिने सम्भावना रहन्छ। मगर समुदायले गर्ने भुमेपूजाका समयमा टाढाटाढाबाट समेत मानिसहरू आउने हुँदा समुदायमा सञ्चालित होमस्टेहरूको प्रवर्द्धन गर्न सकिने हुन्छ। यसबाट समुदायको आर्थिक अवस्थाको स्तरोन्नति हुन जान्छ।

पछिल्लो समयमा बिनायोजना निर्माण गरिएका भौतिक पूर्वाधारका कारण कतैकतै भुमेपूजा गर्ने सार्वजनिक स्थान र भुमेथानको नजिक रहेका पानीका मूल, पोखरी, चौतारीहरूको निशाना हराउँदै जान थालेको पाइन्छ। समाजमा बढ्दै गएको आधुनिकताका नाममा नेपाली समाजमा प्रचलित यस किसिमका सांस्कृतिक चालचलनहरू विस्तारै लोप हुनसक्ने खतरा उत्पन्न भएको छ । हामीले परापूर्वकालदेखि चलाउँदै आएका चालचलनहरू जोगाउन नसक्ने र आधुनिकतालाई पनि पूर्ण रूपमा पछ्याउन नसक्ने स्थिति पैदा भएमा त्यो अवस्था झनै भयावह हुन सक्ने देखिन्छ।

**Ethical approval for the research:** Not applicable
Consent for publication: Not applicable
**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research
**Ethical conduct of research:** This paper is written ethically

## सन्दर्भसामग्री सूची

अधिकारी, रेशराज र खत्री, बालकृष्ण (२०६५), *समाजशास्त्र, मानवशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू,* विद्यार्थी पुस्तक भण्डार ।

अम (२०८१), *आर्थिक सर्वेक्षण २०८१,* अर्थ मन्त्रालय (अम), नेपाल सरकार ।

उपाध्याय रेग्मी, रूद्रप्रसाद र तिवारी, देवेन्द्रप्रसाद (२०६४), *पर्वत जिल्लामा पर्यटनका समस्या र सम्भावनाहरू,* पर्वत विकास पुञ्ज, पर्वत विकास समाज ।

काफ्ले, डोलराज (सन् २०१६), *नेपालमा पर्यावरणीय र सांस्कृतिक पर्यटन,* हिसान जोर्नल अफ हिस्ट्री एशोसियसन अफ नेपाल, हिस्ट्री एशोसियसन अफ नेपाल ।

केतका (२०७९), *जनगणना प्रतिवेदन,* नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, केन्द्रीय तथ्याङ्क कार्यालय (केतका) ।

खत्री, प्रेमकुमार (२०५८), *नेपालमा धार्मिक मत र सामाजिक संरचना,* एमके पब्लिसर्स एन्ड डिस्ट्रीव्युटर्स ।

खतिवडा, सोमप्रसाद र दाहाल, कमला (२०६७), *नेपालको सांस्कृतिक पर्यटन,* एम. के. पब्लिसर्स ।

गौतम, मुरारीकृष्ण (२०२३ सन्), *नेपालको समृद्धिमा सांस्कृतिक र पर्यावरणीय पर्यटन,* हिसान, हिस्ट्री एशोसियसन अफ नेपाल ।

दीक्षित, मदनमणि (२०५८), *माधवी,* साझा प्रकाशन ।

नेस (२०७५), *नेपालको संविधान,* नेपाल सरकार (नेस), कानून किताब व्यवस्था समिति ।

पन्त, शास्त्रदत्त (२०६८), *हिमाली राष्ट्रिय निकुञ्ज र पर्यटन विकास,* शास्त्रदत्त पन्तः ग्रामीण विकास प्रतिष्ठान ।

पहरे पुन, रमन (२०८१), *पुन मगर समुदायमा परम्परागत भुमे पूजा,* नेपाली लोकवार्ता, लोकवार्ता परिषद् नेपाल ।

पुरी, उद्धव (२०५६), *पर्यटन र विकास,* तलेजु प्रकाशन ।

रेग्मी, हिरालाल (२०२५ सन्), *स्थानीय तह र ग्रामीण पर्यटन,* प्रज्ञा सारथि, अङ्क २३, त्रि.वि. प्राध्यापक संघ एकाइ समिति, धवलागिरि बहुमुखी क्याम्पस, 10.3126/ps.v23i1.77532 .

शर्मा, जनकलाल (२०६७, चौंथो संस्करण), *हाम्रो समाजः एक अध्ययन,* साझा प्रकाशन ।

शर्मा, कमलराज (२०६९), *समाजशास्त्रीय सैद्धान्तिक दृष्टिकोणहरू,* सनराइज पब्लिकेसन प्रा.लि. ।

Kafle, D.R. (2022 AD). Rural tourism in Nepal. *HISAN*. Vol. 8 (1). History association of Nepal.

MoF (2080). *Economic Survey FY 2079/2080*. Government of Nepal, Ministry of Finance (MoF).

NSO (2069). *National Census 2068*. Government of Nepal, Office of the prime minister and council of ministers, National Statistics Office (NSO).

Pant, S. D. (2068). *Himalayan national parks and tourism development*. Institute of rural development (SIRUD).

Steward, J.H. (1955). *Theory of cultural change.*

Satyal, Y.R. (2000 AD). *Tourism in Nepal*. Adroit publishers.

Upadhyaya, R. P. (2064). ed. Ramhari Timilsina. Rural Tourism in Nepal: A critical analysis. *Devavani*. Devghat vedic adhyatmic parisad.

ढकाल, सुयोग, हाम्रो पात्रो, १० असार, २०८० ।

थुलुङ, बालचन्द्र, इन्डिजिनियस भ्वाइस, अनलाइन पत्रिका, २२ मङ्सिर, २०७२ ।

नेपाली, गिरिराज, रातोपाटी अनलाइन पत्रिका, २ असार, २०७९ ।

पाण्डे, तुलसीराम (२०७१), भाद्र ७, मङ्गलवार, के हो हरेलो पूजा, दैनिक लुम्बिनी, अनलाइन खबर ।

खरबहादुर पुर्जा (जलजला गाउँपालिका -६ पर्वत) सँग मिति २०८१ कार्तिकमा गरिएको कुराकानी ।

नरसिङ पुन (मोदी गाउँपालिका-४, पर्वत) सँग मिति २०८२ साउनमा गरिएको कुराकानी ।

होमबहादुर पुन (मोदी गाउँपालिका-३, पर्वत) सँग मिति २०८२ माघमा गरिएको कुराकानी ।

## About the Author

**Hiralal Regmi** (ORCID iD:https://orcid.org/0009-0009-1774-0834) is lecturer in Economics and working in Department of Economics of Dhawalagiri Multiple Campus, Baglung, Tribhuvan Univeristy, Nepal. Currently, Regmi is assistant campus chief of Dhawalagiri Multiple Campus, Baglug.